Economic National Daily
# आर्थिक
राष्ट्रिय दैनिक




वर्ष १६ ◆ अङ्क ४५९९ ◆ २०८२ वैशाख २४ गते बुधबार ◆ ने.सं. ११४५ ◆ पृष्ठ ८+२ ◆ Wednesday, May 07, 2025 ◆ मूल्य रु. ५/- ◆ Web: www.aarthikdainik.com




# वैदेशिक सहायता सुधारका लागि नयाँ नीति

■ प्रवीन राउत
काठमाडौं, वैशाख २३




सरकारले वैदेशिक सहायताको व्यापाक सुधारका लागि 'वैदेशिक सहायता परिचालन नीति, २०८२' ल्याएको छ । वैदेशिक सहायता परिचालन गर्दा देखिएका विद्यमान समस्या र चुनौतीहरूको व्यवस्थापनका लागि भन्दै उक्त नीति ल्याएको अर्थ मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ खारेज गर्दै उक्त नीति ल्याइएको हो । उक्त नीतिले हाल वैदेशिक परिचालनको क्रममा देखिएको आयोजना कार्यान्वयनको पूर्वतयारी पूरा नभई वैदेशिक सहायतासम्बन्धी सम्झौता हुने र तोकिएको समय र लागतमा आयोजना पूरा नहुने समस्या समाधान गर्ने विश्वास लिइएको छ । खरिद प्रक्रिया र ठेक्का व्यवस्थापनमा देखिएको समस्या र अन्तरनिकाय समन्वयको कमीले लक्ष्य प्राप्त गर्न कठिन र अधिकांश आयोजनाहरु शोधभर्नामा आधारित हुँदा नगद प्रवाहमा देखिएको निरन्तर चापलाई समाधान गर्ने नयाँ नीति ल्याइएको हो ।

हाल वैदेशिक सहायताको अधिकांश हिस्सा कार्यसम्पदानमा आधारित हुने भएकाले आयोजना/कार्यक्रम समयमा सम्पन्न नहुँदा वैदेशिक सहायता प्रतिबद्धताको तुलनामा न्यून हिस्सा मात्र परिचालन हुनेगरेको छ । वैदेशिक सहायताको उल्लेखीय हिस्सा वातावरण विनाश तथा जलवायु परिवर्तनका कारण देखापरेको जोखिम न्यूनीकरण र अनुकुलमा प्रवाह हुनगएको छ भने नीतिगत सुधारमा प्राप्त बजेट प्रभावकारी हुन नसक्दा नयाँ नीतिको आवश्यकता रहेको बताइएको छ । वर्तमान समयमा वैदेशिक सहायता परिचालनलाई लिएर थुप्रै समस्या भएको कारण सरकारले नयाँ नीति जारी गरेको मन्त्रालयका अधिकारीहरु बत(ाउँछन् ।

वैदेशिक अनुदान परिचालन पूर्णरूपमा लाभदायिक बनाउन नसकेको कारण उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले वैदेशिक सहायता परिचालन नीति अघि बढाएको कारणले गर्दा यसको आवश्यक रहेको मन्त्रालयका एक अधिकारीले बताए । अर्कोतर्फ अतिकम विकासित मुलुक (एलडीसी) बाट नेपाल स्तरोन्नति भइरहेको अवस्थामा वैदेशिक सहायता परिचालनलाई पनि नयाँ ढङ्गबाट हेर्नु र परिचालन गर्नु आवश्यक रहेको हुँदा नीति आउनु स्वाभिावक र समयसान्दर्भिक भएको ती अधिकारीको भनाइ छ ।

त्यस्तै निजी क्षेत्रको भूमिका थप अभिवृद्धि गर्नका लागि समेत नीति ल्याएको बताइएको छ । निजी क्षेत्रको भूमिका थप अभिवृद्धि गर्ने, तीन तहको सरकारको भूमिका, परियोजनामा वैदेशिक सहायताको परिचालनको स्पष्ट खाकासहित नीति ल्याइएको मन्त्रालयका सहसचिव एवं प्रवक्ता श्यामप्रसाद भण्डारीले जानकारी दिए । उनका अनुसार नयाँ नीतिमार्फत वर्तमान सरकारले तीनवटा उद्देश्य लिएको छ । जसमा वैदेशिक सहायता परिचालनबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्नु, आयोजना तथा कार्यक्रम कार्यान्वयनमा तीव्रता दिई वैदेशिक सहायताको उपयोग क्षमता वृद्धि गर्नु र विकास सहायता परिचालन गरी स्वदेशी तथा विदेशी पुँजी र प्रविधि परिचालन हुने उपयुक्त वातावरण सिर्जना गर्नु रहेको छ ।

लक्ष्य पनि तीनवटा नै रहेको छ । जसमा विकासको दीर्घकालीन लक्ष्य हासिल गर्न आवश्यक पर्ने स्रोत र साधनको न्यूनता परिपूर्ति गर्ने, वैदेशिक सहयोगको परिचालनाबाट आर्थिक विस्तारमा योगदान पुऱ्याउने र वैदेशिक सहायता परिचालनमा राष्ट्रको नेतृत्वदायी भूमिका स्थापित गरी उपयोग क्षमतमा गुणात्मक वृद्धि गर्ने रहेको छ ।

नेपालको विकासमा योगदान पुऱ्याउने उद्देश्यका साथ अघि बढाइएको वैदेशिक सहायता परिचालन नीतिले राष्ट्रिय प्रणालीसँग तादात्म्यता कायम गरी वैदेशिक सहायता परिचालन गर्ने, राष्ट्रिय क्षमता तथा विशेषज्ञताको कमी पूरा गर्न छनोटपूर्ण प्राविधिक सहायता उपयोग गर्ने । राष्ट्रिय आवश्यकता र प्राथमिकताका आधारमा वस्तुगत सहायता उपयोग गर्ने रणनीति लिएको छ । साथै जलवायु न्यायको

➤ बाँकी पृष्ठ २ मा

# निर्जीवन बीमा कम्पनीहरूको नौ महिनाको व्यापार ३२ अर्ब १३ करोड

■ सुरेश राउत
काठमाडौं, वैशाख २३

निर्जीवन बीमा कम्पनीहरूले चालू आर्थिक वर्षको नौ महिना (साउन-चैत)सम्म ३२ अर्ब १२ करोड ९९ लाख ७५ हजार रूपैयाँ बीमाशुल्क आर्जन गरेका छन् । नेपाल बीमा प्राधिकरणका अनुसार सञ्चालनमा रहेका १४ वटा निर्जीवन बीमा कम्पनीले २१ लाख ३५ हजार दुई सय २३ वटा बीमालेखबाट सो बीमाशुल्क सङ्कलन गरेका हुन् ।

चालू आर्थिक वर्षको चैत मसान्तसम्म नेपाल इन्स्योरेन्स कम्पनीले एक लाख ४६ हजार नौ सय ३५ वटा बीमालेख जारी एक अर्ब ५५ करोड ८८ लाख ५१ हजार रूपैयाँ बीमाशुल्क आर्जन गरेको छ । यस्तै दि ओरियन्टल इन्स्योरेन्स कम्पनीले भने ३३ हजार पाँच सय एकवटा बीमालेखबाट दुई अर्ब १५ करोड ४६ लाख रूपैयाँ बीमाशुल्क सङ्कलन गरेको छ । सरकारी स्वामित्वको राष्ट्रिय बीमा कम्पनीले भने एक लाख ५२ हजार ७९ वटा बीमालेखमार्फत एक अर्ब १३ करोड २६ लाख ३० हजार रूपैयाँ बीमाशुल्क आर्जन गरेको छ ।

नेसनल इन्स्योरेन्स कम्पनीले पनि चालू आर्थिक वर्षको चैत मसान्तसम्म २२ हजार तीन सय ४८ वटा बीमालेख जारी गरी ८७ करोड ९५ लाख ३९ हजार रूपैयाँ बीमाशुल्क आर्जन गरेको छ । नेको इन्स्योरेन्स कम्पनीले दुई लाख १९ हजार सात सय ७६ वटा बीमालेखमार्फत दुई अर्ब ४७ करोड १८ लाख ३४ हजार रूपैयाँ बीमाशुल्क आर्जन गरेको छ । प्रभु इन्स्योरेन्स कम्पनीले पनि चालू आर्थिक वर्षको पछिल्लो नौ महिनामा ९४ हजार नौ सय १९ वटा बीमालेख जारी गरी एक अर्ब ३० करोड ९४ लाख ८१ हजार रूपैयाँ बीमाशुल्क आर्जन गरेको छ । शिखर इन्स्योरेन्सले भने दुई लाख २७ हजार चार सय २८ वटा बीमालेखमार्फत चार अर्ब ३४ करोड ५८ लाख ८१ हजार रूपैयाँ बीमाशुल्क आर्जन गरेको छ ।

एनएलजी इन्स्योरेन्स कम्पनीले २०८१ साउनदेखि चैतसम्म एक लाख ४४ हजार आठ सय ५४ वटा बीमालेखमार्फत दुई अर्ब १३ करोड ४५ लाख २१ हजार रूपैयाँ बीमा शुल्क आर्जन गरेको छ । हिमालयन एभरेष्ट इन्स्योरेन्स कम्पनीले दुई लाख पाँच हजार आठ सय आठवटा बीमालेखमार्फत दुई अर्ब ७८ करोड ५५ लाख ६७ हजार रूपैयाँ बीमाशुल्क आर्जन गरेको छ । यसैगरी सानिमा जीआईसी इन्स्योरेन्स कम्पनीले पनि चालू आर्थिक वर्षको चैत्र मसान्तसम्ममा एक लाख दुई हजार एक सय आठवटा बीमालेखमार्फत एक अर्ब ९२

➤ बाँकी पृष्ठ २ मा

| निर्जीवन बीमा कम्पनीहरूले चालू आर्थिक वर्षको नौ महिनामा आर्जन गरेको बीमाशुल्क | | |
|---|---|---|
| कम्पनीको नाम | जारी बीमालेख संख्या | बीमाशुल्क (रु. लाखमा) |
| नेपाल इन्स्योरेन्स कम्पनी | १४६,९३५ | १५,५८८ |
| दि. ओरियन्टल इन्स्योरेन्स कम्पनी | ३३,५०१ | २१,५४६ |
| राष्ट्रिय बीमा कम्पनी | १५२,०७९ | ११,३२६ |
| नेसनल इन्स्योरेन्स कम्पनी | २२,३४८ | ८,७९५ |
| नेको इन्स्योरेन्स कम्पनी | २१९,७७६ | २४,७१८ |
| प्रभु इन्स्योरेन्स कम्पनी | ९४,९१९ | १३,०९५ |
| शिखर इन्स्योरेन्स कम्पनी | २२७,४२८ | ४३,५४९ |
| एनएलजी इन्स्योरेन्स कम्पनी | १४४,८५४ | २१,३४५ |
| हिमालयन एभरेष्ट इन्स्योरेन्स | २०५,८०८ | २७,८५५ |
| सानिमा जीआईसी इन्स्योरेन्स | १०२,१०८ | १९,२१९ |
| सिद्धार्थ प्रिमियर इन्स्योरेन्स | २२९,५५३ | ३१,०५८ |
| सगरमाथा लुम्बिनी इन्स्योरेन्स | २१३,३७४ | ३७,३९४ |
| आईजीआई प्रुडेन्सियल इन्स्योरेन्स | १६८,३३९ | २७,३५० |
| युनाइटेड अजोड इन्स्योरेन्स कम्पनी | १७४,२११ | १८,५४९ |
| कुल | २,१३५,२३३ | ३२१,२९९ |

# हिमालयन रि–इन्स्योरेन्सको संस्थापक सेयर किनबेच विवाद उच्च अदालत पाटनमा

■ आर्थिक संवाददाता
काठमाडौं, वैशाख २३







हिमालयन रि-इन्स्योरेन्स कम्पनीको संस्थापक सेयर किनबेचको विवाद उच्च अदालतमा पुगेको छ । यसअघि यी दुई कम्पनीको सेयर किनबेच विवाद आपसी समझदारीबाट किनारा नलागेपछि कम्पनी रजिष्ट्रार कार्यालयमा पुगेको थियो । तर पछिल्लो पटक कम्पनी रजिष्ट्रार कार्यालबाट विवाद निरूपण हुन नसकेपछि शंकर ग्रुपका उपाध्यक्ष सुलभ अग्रवाल उनकी श्रीमती सुभी अग्रवाल र व्यवसायी मुकुन्दप्रसाद तिमिल्सिनाबीचको सेयर विवाद कम्पनी रजिष्ट्रार कार्यालय हुँदै उच्च अदालतमा पुगेको हो ।

संस्थापक सेयर विवादसम्बन्धी उक्त मुद्दामा उच्च अदालत पाटनका न्यायाधीशद्वय मुनेन्द्रप्रसाद अवस्थी र अन्जु उप्रेती ढकालको संयुक्त इजलासले सुलभ र उनकी श्रीमती सुभीलाई उपस्थित गराउन आदेश जारी गरेको हो । हिमालयन रि-इन्स्योरेन्सको कबुल गरेको सेयर सुलभले नदिएको र बढी मूल्य लिएको दाबी गर्दै मुकुन्दले कम्पनी रजिष्ट्रारको कार्यालयमा उजुरी दिएका थिए । कम्पनी रजिष्ट्रारको कार्यालयले म्याद गुज्रिसकेको भन्दै दुई लाख २५ हजार कित्ता सेयर बिक्रीको विषयमा सुलभ र सुभी अग्रवालको पक्षमा निर्णय गरेपछि तिमल्सिना उच्च अदालत पाटन पुगेका हुन् । उक्त मुद्दामा उच्च अदालत पाटनले सुलभ र सुभी अग्रवाल दुवै जनालाई झिकाउन आदेश दिएको हो ।

उद्योगी तिमल्सिनाले दुई लाख २५ हजार कित्ता सेयर नपाएपछि रजिष्ट्रार कार्यालयले गरेको निर्णयविरूद्ध गत माघ २४ मा सबै निर्णय बदर गरी दाखिला भएको ३४ करोड ८० लाख र सोको ब्याजसहितको क्षतिपूर्तिसमेत दिलाइपाऊँ भनी सुलभ, सुभी अग्रवालका साथै कामाख्या फिनकोर्पका विरूद्धमा अदालतमा निवेदन दर्ता गराएका हुन् ।

हिमालयन रिको प्रतिकित्ता एक सय रूपैयाँमा सेयर दिन सहमति भएकोमा पछि शंकर ग्रुपका उपाध्यक्ष सुलभले चार सय १७ रूपैयाँ प्रिमियम थपेर प्रतिकित्ता पाँच सय १७ रूपैयाँ रूपैयाँ कायम गरी झन्डै २९ करोड रूपैयाँ बढी लिएको तिमिल्सिनाको दाबी छ ।

पटक-पटक छलफल हुँदा पनि बढी लिएको प्रिमिय रकम भुक्तानी नदिएपछि उक्त मुद्दा उच्च अदालत पाटनसम्म पुगेको हो ।

# भद्रकाली माताले रक्षा नगरे के होला ?

■ प्रह्लाद रिजाल
काठमाडौं, वैशाख २३

हिन्दु धर्मअनुसार भद्रकाली देवी विभिन्न शक्तिपीठहरूमध्येको एक मानिन्छ । यो सिंहदरबार पश्चिमतिर टुँडिखेलको छेउमा अवस्थित छ । बाहिरी आँखाले हेर्दा भद्रकाली मन्दिर सामान्य ढुङ्गाले बनेको छ । तर यसको महत्वचाहिँ निकै छ ।

जो आफ्नो भक्तलाई दिनका लागि भद्र, सुख या मंगल गर्छिन्, उनै भद्रकाली हुन् भन्ने धार्मिक मान्यता छ । यो मन्दिर १८औँ शताब्दीमा बनेको मानिन्छ । त्यतिबेलादेखि नै भद्रकालीलाई त्यतिबेलाको नेपाल र अहिलेको उपत्यकाको विभिन्न शक्तिपीठमध्येको एउटा शक्तिपीठ मानिन्छ र यहाँ आफ्नो रक्षाका लागि पूजा आराधाना गर्न भक्तजनहरु जाने गर्दछ ।

तिनै भद्रकालीले सधैँ रक्षा गरून् भन्ने मान्यता राखेर नेपाली सेनाको मुख्यालय पनि त्यही भद्रकाली मन्दिरको सामुन्ने राखिएको छ । सेनाले देशको रक्षा गर्छ र भद्रकाली माताले देशको रक्षा गर्न सेनालाई शक्ति प्रदान गर्छिन् भन्ने विश्वास गरिन्छ । भित्र सामान्य शिलाको मूर्ति रहे पनि भद्रकाली माताप्रतिको जनविश्वासचाहिँ असाध्य धेरै छ । मानिस मात्र नभएर गाडीहरु पनि मन्दिरलाई दाहिने पारेर आफ्नो गन्तव्यतिर लाग्ने गर्छन् तर पछिल्लो समय अधर्मीहरूको बढोत्तरी हुँदै गएकाले देब्रे पारेर पनि हिँड्न थालिएको छ ।

ट्राफिक प्रहरीले पनि त्यही अधर्मलाई बढाएको छ । भद्रकालीलाई देब्रे पारेर गाडी चलाउने बाटो खोलेको छ । तर लोकतन्त्र आउनुअघिसम्म त्यस्तो गर्न निषेध थियो । तर अहिले ट्राफिकले आफ्नो धर्म परम्परा र मर्म बिर्सिएर प्रहरीको जात जनाउन थालेपछि त्यसमा पनि अनुशासनहीनता बढ्दै गएको सवारीचालकहरूमाथि हातपात गरिएका पछिल्ला घटनाले पनि दर्शाएको छ । आखिर ट्राफिक प्रहरी पनि यही समाजको सदस्य हो, समाजमा जस्तो हावा चलेको छ त्यही नै जाने भयो । अर्को कुरो प्रहरी पनि हो । त्यस अर्थमा उसले जात जनाएको मान्नुपर्छ ।

इ–पेपर हेर्नको लागि

आफ्नो मर्यादा बिर्सिएको ट्राफिक प्रहरीले मन्दिरलाई देब्रे पारेर गाडी गुडाउन बाटो खोल्नु अरूलाई अप्ठ्यारो लागे पनि उसका लागि सामान्य नै होला । तर हाम्रो धार्मिक मान्यता र परम्पराअनुसार चाहिँ सामान्य मानिँदैन ।

भद्रकालीमा पूजापाठ मात्र होइन, बिहे ब्रतबन्ध गर्ने चलन पनि छ । रोगव्याधि लाग्दा भाकल गर्ने चलन पनि छ । सैनिकहरु बिहान मन्दिरलाई दाहिने पारेर घुमेर मुख्यालय छिर्ने गर्दछन्, अद्यर्मीबाहेकका गाडीचालक र यात्रुहरूले पनि त्यहाँ पुग्दा बाहिरैबाट भए पनि मन्दिरलाई मनढोग नगरी अघि बढ्दैनन् । माओवादी हिंसा बढेसँगै धार्मिक आस्थामा कमी आएको थियो । उपत्यकाबाहिर जस्तैः खोटाङको हलेसी मन्दिरमा पूजा गर्नेहरूको खडेरी लागेको छ । तर भद्रकालीमा त्यस्तो खडेरी नै त लागेको छैन । जनविश्वास टुटेको छैन । तर त्यसप्रतिको सरकारी क्षेत्रबाट हुने व्यवहार फेरिएको छ । सामान्य ढुङ्गाको मूर्तिको रूपमा अर्थ्याउन खोजिएको छ । देशका राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री र सचिवहरु नै भद्रकालीलाई देब्रे पारेर हिँड्न थालेपछि त्यसको

➤ बाँकी पृष्ठ २ मा

## वैदेशिक...

मान्यताका आधारमा नेपाललाई लाभ हुनेगरी उपलब्ध जलवायु वित्तको अधिकतम परिचालन गर्ने, विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा वैदेशिक सहायता परिचालन गर्ने, अन्तर्राष्ट्रियस्तरमा स्थापित कोषको पहुँचमा वृद्धि गरी वैदेशिक सहायता परिचालन गर्ने र गैरसरकारी संस्थामार्फत परिचालन हुने सहायतालाई जवाफदेहीपूर्ण तथा पारदर्शीरूपमा उपयोग गर्ने रणनीति लिइएको छ ।

निजी क्षेत्रको भूमिका थप अभिवृद्धि गर्न नवीनतम वित्तीय उपकरण प्रयोगमा वैदेशिक सहायतालाई समावेश गर्न संघ, प्रदेश र स्थानीय तहमा वैदेशिक सहायता परिचालनलाई प्रभावकारी बनाउनको लागि नीति ल्याइएको सरकारले दाबी गरेको छ । साथै नेपाल विकासशील मुलुकमा स्तरोन्नति भएपछि हुनसक्ने वित्तीय चुनौती सम्बोधन गर्न जलवायु कोषलगायत जलवायु वित्तका अन्य स्रोत परिचालन गर्न एवं वैदेशिक सहायतासम्बन्धी विषयअनुरूप आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन, २०७६ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा भएका प्रावधानलाई समायोजन र थप स्पष्ट गर्न यो नीति आवश्यक देखिएको हो ।

त्यसैगरी नीतिमार्फत वैदेशिक सहायता परिचालनबाट प्राप्त हुने अवसरहरूको अधिकतम उपयोग गर्न राष्ट्रिय विकासका लक्ष्य हासिल गर्न सार्वजनिक, निजी, सामुदायिक र अन्य क्षेत्रविच साझेदारी एवं सहलगानी बढाउन तथा संघ, प्रदेश र स्थानीय तहविच वैदेशिक सहायता परिचालनमा समन्वय अभिवृद्धि गरी सुदृढ अर्थतन्त्र निर्माण गर्ने लक्ष्य समेत राखिएको छ ।

सरकार वैदेशिक ऋण र सहायता परिचालनमा असफल भएसँगै नीति ल्याएको सरोकारावालाहरूको दाबी छ । सरकारले विभिन्न समयमा वैदेशिक सहायता परिचलानका लागि भएका नीति, नियमहरु संशोधन गरेका छ तर कार्यान्वयन गर्न नसकेको अवस्था रहेको अर्थविद् केशव आचार्यले बताए । 'ऐन कानुनहरु राम्रो छ कार्यान्वयन गर्न सकेको छैन', उनले भने, 'नयाँ नीतिले पनि सरकारी निकायबीच समन्वयको अभाव र कर्मचारीतन्त्रको असक्षमता उजागर गरेको यसमा सुधार गर्नु आवश्यक छ । नयाँ नीति ल्याउँदा मात्र राम्रो हुने होइन ।

नीति कार्यान्वयको लागि 'वैदेशिक सहायता परिचालन निर्देशक समिति'को व्यवस्था गरिएको छ ।

समितिमा अर्थमन्त्री अध्यक्ष हुनेगरी नौ सदस्यको व्यवस्था गरिएको छ, जसमा राष्ट्रिय योजना आयोगको उपाध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (विकास व्यवस्थापन)का सचिव, अर्थका सचिव कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिव, परराष्ट्रको सचिव, संघीय मामिला तथा सामान्य प्रशासनको सचिव, वैदेशिक सहायताबाट सञ्चालित कार्यक्रम र आयोजनासम्बद्ध मन्त्रालयका सचिव, महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालयको सदस्य र अर्थको वैदेशिक सहायता समन्वय गर्ने महाशाखाका सहसचिव सदस्य रहनेछन् ।

समितिले सम्बद्धता, विशेषज्ञता र आवश्यकताको आधारमा नेपाल सरकारका अन्य मन्त्रालयका उच्च पदाधिकारी, कुनै निकायका प्रतिनिधि, प्रदेश सरकारको प्रतिनिधि, निजी क्षेत्र वा विशेषज्ञलाई आमन्त्रित सदस्यको रूपमा समितिका बैठकहरूमा आमन्त्रण गर्नसक्ने व्यवस्था गरिएको छ ।

## निर्जीवन...

करोड १९ लाख ५० हजार रूपैयाँ बीमाशुल्क आर्जन गरेको छ ।

सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनीले दुई लाख २९ हजार पाँच सय ५३ वटा बीमालेखमार्फत तीन अर्ब १० करोड ५८ लाख ११ हजार रूपैयाँ बीमाशुल्क आर्जन गरेको छ । सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनीले भने चालू आर्थिक वर्षको पछिल्लो नौ महिनामा दुई लाख १३ हजार तीन सय ७४ वटा बीमालेखमार्फत तीन अर्ब ७३ करोड ९४ लाख १७ हजार रूपैयाँ बीमाशुल्क आर्जन गरेको छ । आईजीआई प्रुडेन्सियल इन्स्योरेन्स कम्पनीले एक लाख ६८ हजार तीन सय ३९ वटा बीमालेखमार्फत दुई अर्ब ७३ करोड ४९ लाख ७८ हजार रूपैयाँ बीमाशुल्क आर्जन गरेको छ । युनाईटेड अजोड इन्स्योरेन्स कम्पनीले भने चालू आर्थिक वर्षको पछिल्लो नौ महिनामा एक लाख ७४ हजार दुई सय ११ वटा बीमालेख जारी गरी एक अर्ब ८५ करोड ४९ लाख १५ हजार रूपैयाँ बीमाशुल्क आर्जन गरेको छ ।

## भद्रकाली...

असर जनस्तरमा पनि नपर्ने कुरै भएन । त्यसमाथि पनि शक्तिपीठको अवज्ञा गर्ने क्रममा तत्कालीन प्रधानमन्त्री प्रचण्डले सुनसरी पुगेर भैंसी पूजा गरेको घटनाले धार्मिक अनास्था झनै बढाएको छ ।

अहिले पनि प्रचण्ड र कांग्रेसका चार गद्दारको कारण भद्रकालीमा अभद्र भएको छ । त्यसबाट भद्रकाली रिसाएर हाम्रो रक्षा नगर्ने हो भने यहाँको अवस्था के होला ? कल्पना गर्दा पनि कहाली लाग्ने अवस्था छ । हालसालका व्यवहारले भद्रकालीलाई पनि मन दुख्दो हो । भनिन्छ नि, मन दुखेको औषधि हुँदैन । साँच्चै भद्रकालीको मन दुखेको हो भने त्यसको औषधि बाहिर खोजेर पाइँदैन । भद्रकाली भद्रकाली नै हो । चाहे कसैले नमानोस्, अवज्ञा गरोस् । अनास्था फैलाओस् तर जनस्तरको आस्था र विश्वास कसैले मेटाउन सक्दैन । तर रातो टीका लगाएर हिंड्न नछाडे पनि भद्रकालीप्रति अनास्था बढाउने प्रयासको बीजारोपण गरेर गरेको गल्तीको जिम्मेवारीचाहिँ प्रचण्ड, पूर्णबहादुर खड्का, रामहरि खतिवडा, गगन थापा र विश्वप्रकाश शर्माहरूले नै लिनुपर्दछ । किनकि भद्रकाली दूषित पार्ने र अनास्था बढाउने कामको सुरुवात उनीहरूले नै गरेका हुन् । उनीहरूले बिटुल्याउन खोजेपछि आस्था र विश्वासको भद्रकालीले भक्तजनहरूको रक्षा गर्न छाडेको अवस्थामा के हुन्छ ? त्यसका बारेमा जिम्मेवारी पनि तिनै अधर्मीहरूले लिनुपर्ने हुन्छ ।

सदियौँदेखि भद्रकालीमाथि जनताको अन्तिम विश्वास र भरोसा रहँदै आएको छ । कहिले भैंसी पूजा गरेर त कहिले मलमुत्र छर्केर अनास्था सिर्जना गर्ने प्रयास नभएका होइनन् । त्यसका बाबजुद पनि जनविश्वास त्यहीँ अडेको छ । अहिले यी अधर्मीले गरेजस्तै धोका दिएर भद्रकालीले रक्षा गर्दिनँ भने के होला ? त्यो अहिलेको अहम् प्रश्न बन्न पुगेको छ ।

---

### सर्टिफिकेट हरायो

मिति : २०८२।०१। १३ गते ठाडो ढुङ्गाबाट पुतलिसडक जानेक्रममा निम्न व्यहोराको सर्टिफिकेट हराएकाले पाउनुहुने महानुभावहरूले तलको ठेगानामा वा नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहुन अनुरोध छ ।

**नाम : शिल्पा तामाङ्ग**
**ठेगाना : झम्सिखेल ललितपुर**
**सर्टिफिकेट** : (Graduation Certificate)
T.U Reg. No. : 7-2-421-48-2015
Symbol number : 7560032
फाने न : ९८०८६४७७७२

---

# Kalaiya Sub Metropolitan City
# Office of Municipal Executive

**Kalaiya, Bara**
**Madhesh Province, Nepal**

## Invitation for Online Bids

Date of Publication: 2082/01/24 (07th May, 2025)

1. Kalaiya Sub Metropolitan City, Kalaiya, Bara invites electronic bids from eligible Nepalese bidders for the following works and supply of goods:

| S.N. | Contract No. | Name of Contract | Cost of Bidding Documents NRs (Not refundable) | Bid Security Amount (NRs.)/ Validity Period |
|---|---|---|---|---|
| 1 | KSMC/NCB/ WORKS-13-081/82 | 1 dekhi 27 ootai wada haru maa krishi bidhutikaran karya Phase 2 ( KSMC ) | 3000 | 86,000/120 days |
| 2 | KSMC/NCB/ WORKS-12 -081/82 | ELECTRIFICATION WORK At Kalaiya Sub-Metropolitan City | 5000 | 6,00,000/120 days |

2. For Further Details bidders are requested to visit our website www.kalaiyamun.gov.np or visit PPMO eGP System www.bolpatra.gov.np/egp.
3. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.

***Chief Administrative Officer***

---

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply & Sewerage Management

# Federal Water Supply and Sewerage Management Project, Biratnagar

## Invitation of Bids

Date of Publication: May 07, 2025 (2082/01/24)

Federal Water Supply & Sewerage Management Project- Biratnagar, invites electronic bids from eligible bidders for the following works.-

| S. N. | Contract No. | Description of Works | Total Estimated Amount with Vat (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | 30/81-82/NCB-Goods/ FWSSMP_BRT | Procurement of HDPE(PE-100/ PN Series) Pipe and Transportation upto Specified Project Store as per Office Work Order and Instruction for different WSP of Morang, Udaypur and Jhapa district. | 85,88,122.61 | 2,15,000.00 | 3,000.00 | June 06, 2025 10:30 |

- The detail notice can be accessed from *www.bolpatra.gov.np/egp.*

**Project Manager**

---

# Bishnupur Rural Municipality
# Office of the Rural Municipal Executive

Bishnupur Pra.Ma., Siraha
Madhesh Province, Nepal

## Notice for the letter of Intent

Date: 2082-01-24 (07th May., 2025)

Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act 2063 with its revision, this is to notify all the bidders who submitted their bids for the shown in table below as per the Invitation for Bids published in the national daily newspaper on 2081-12-10, that the following listed Lowest Evaluated and Substantially Responsive Suppliers has been selected to award the contract. This notice is published for the purpose of clause 47 of Public Procurement Act 2063 with its revision.

| Contract ID., Name of Works/Goods | Lowest Evaluated Substantially Responsive Bidders | Bid Price NRs. (With VAT & PS) |
|---|---|---|
| BRM/NCB/Works-06-2081/082, Bishnupur Ga.Pa.-5 Laxmipur ko Jamuwa dekhi chowk hudai Thalaha ko Karharwa Samma Kalopatre and Naala Nirman | Sukha Shanti Nirman Sewa, Badaharamal-3, Bandipur, Siraha | 5535525.49 |
| BRM/NCB/Works-07-2081/082, Gauripur Gau ko Adhuro RCC Dhalan Dekhi Dachin ko Sadak RCC Dhalan Karya, Bishnupur Ga.Pa.-1 | Jitu Construction, Laxmipur Patari-4,Siraha | 2924559.59 |
| BRM/NCB/Works-08-2081/082, Wada vari ko Galli Sadak haru Dhalan Karya, Bishnupur Ga.Pa.-5 | Lions Builders And Consultant Pvt.Ltd, Aarnama 04 Siraha | 2705758.82 |
| BRM/NCB/Works-09-2081/082, Galli Sadak haru Dhalan Karya, Bishnupur Ga.Pa.-4 | Lions Builders And Consultant Pvt.Ltd, Aarnama 04 Siraha | 2651353.86 |
| BRM/NCB/Works-10-2081/082, Mul Sadak Dhalan Karya, Bishnupur Ga.Pa.-2 | Lions Builders And Consultant Pvt.Ltd, Aarnama 04 Siraha | 2548786.46 |
| BRM/NCB/Works-11-2081/082, Gaupalika vari Bidhutikaran Karya, Bishnupur Ga.Pa.-1-5 | Surya Construction, Dhangadhimai Na.Pa-12, Siraha | 3402341.00 |
| BRM/NCB/Works-12-2081/082, Construction of 2 Class Room RCC School Building, Bishnupur Ga.Pa.-1, Harinagara | Lions Builders And Consultant Pvt.Ltd, Aarnama 04 Siraha | 6750885.65 |
| BRM/NCB/Works-13-2081/082, Wada no.1 Khoriya Gau tole Uttar dekhi Bishnupur Gau hudai Shovapur samma Deep Boring Krisi Bidhutikaran Sahit, Bishnupur Ga.Pa.-1 | Laxman Construction, Darneshwari-7, Saptari | 3836995.94 |
| BRM/NCB/Works-14-2081/082, 2 no. wada ko Shiva Eta vatta dekhi pachim Bishnupur Ga.Pa.-3 Lohajara nadhi samma Deep Boring Krisi Bidhutikaran Sahit, Bishnupur Ga.Pa.-2 | Banni Mai Construction, Karjanha Na.Pa.-4,Siraha | 2946502.50 |

**Office Bishnupur Rural Municipal Executive**

---

### निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

मान बहादुर साउदको नातिनी झंकरी साउदकी बुहारी धर्म सिं साउदको पत्नी हाल जिल्ला अछाम,मेल्लेख. गा.पा. स्थाई घर भई हाल वडा नं.०४ बस्ने, यस बैंकको मेल्लेख शाखाका खातावाला थेव देवी साउद मिति २०८१।०९।०७ मा मृत्यु भएकाले यस बैंकमा रहेको निजको बचत खाता नं. २७७७६८६७२६०००१८ मा भएको रकम पाउँ भनी निज खातावाको पति , जिल्ला अछाम,मेल्लेख. गा.पा.वडा नं.०४ बस्ने धर्म सिं साउदले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११(२) वमोजिमको अग्रप्राथमिकतामा अन्य कुनै हकदार भएका भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन वमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ ।

prabhu Bank
**प्रभु बैंक लिमिटेड**
शाखा कार्यालय : मेल्लेख
फोन नं. ०६१-४१२५१३, ४१२५१४

---

### सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय मिर्चैया, सिराहाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/०१/२४ गतेको आर्थिक राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

१. सिरहा जिल्ला, साविक रामनगर मिर्चैया गा.वि.स. वडा नं. ६ स्थित रजिष्टर्ड कार्यालय रहि प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा मिति २०६६/०५/०८ रोज २ मा प्रा.फ.नं.घ.उ.सि. ४२७०/०६६/०६७ तथा आन्तरिक राजश्व कार्यालय लाहानमा मिति २०६६/०५/११ मा स्थायी लेखा नं. (PAN) ३०३७९०४५३ अन्तर्गत दर्ता कायम भएको **कृष्ण स: मिल** ।
**प्रोप्राईटर : दानी यादव**

२. भोलानाथ यादवको नाति, यमुना यादवको छोरा, सिरहा जिल्ला, साविक फुलबरिया गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बस्ने **दानी यादव** (ना.प्र.नं. १०८, जारि मिति २०५५/०१/०३, जि.प्र.का. सिराहा) ।

| ऋणी (१) को व्यक्तिगत जमानीकर्ताको विवरण | ऋणी (१) र (२) को व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| भोलानाथ यादवको नाति, यमुना यादवको छोरा, सिरहा जिल्ला, साविक फुलबरिया गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बस्ने **दानी यादव** (ना.प्र.नं. १०८, जारि मिति २०५५/०१/०३, जि.प्र.का. सिराहा) । | यमुना यादवको बुहारी, दानी यादवको पत्नि, सिराहा जिल्ला, साविक फुलबरिया गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बस्ने **सिला देवी यादव** (ना.प्र.नं. १५३०९१/२२४, जारी मिति २०६३/११/२२, जि.प्र.का. सिराहा) । |

**धितोको विवरण**

१. **ऋणी (१) को पक्षमा धितोबन्धकी कायम भई ऋणी (२) को पक्षमा दोहोरो धितोबन्धकी रहेको** सिला देवी यादव (ना.प्र.नं. १५३०९१/२२४, जारी मिति २०६३/११/२२, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, साविक चन्द्रोदयपुर गा.वि.स./न.पा. वडा नं. ८ नक्सा सिट नं. ८ क स्थित कि.नं. ७३८, ७३९ र ३०३० को क्षेत्रफल क्रमश : ०-३-०-०, ०-१-७-० र ०-१-७-० (विघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. **ऋणी (१) र (२) को नाममा संयुक्त धितोबन्धकी कायम रहेको** सिला देवी यादव (ना.प्र.नं. १५३०९१/२२४, जारी मिति २०६३/११/२२, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, साविक चन्द्रोदयपुर गा.वि.स./न.पा. वडा नं. ८ क स्थित कि.नं. ३०३१ र ३०३२ को क्षेत्रफल क्रमश : ०-२-१९-० र ०-१-०-० (विघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
३. कृष्ण स: मिलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

Siddhartha Bank
शाखा कार्यालय : मिर्चैया, सिराहा
फोन नं. ०३३-५५००८४
Website : www.siddharthabank.com

# 'राष्ट्र बैंकभित्रैको समस्याले गभर्नर नियुक्तिमा ढिलाइ'

आर्थिक संवाददाता
काठमाडौं, वैशाख २३




नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्र बैंकभित्रैको समस्याले गभर्नर नियुक्तिमा ढिलाइ भइरहेको बताएका छन् । पार्टीको आर्थिक नीति तथा योजना विभागद्वारा केन्द्रीय कार्यालयमा आयोजित विद्यमान आर्थिक परिवेशमा बजेटले समेट्नुपर्ने नीति विषयक संवादमा उनले गभर्नर नियुक्तिका विषयमा भइरहेको ढिलाइका राजनीतिक कारणभन्दा पनि राष्ट्र बैंकभित्रैको समस्याले ढिलाइ भएको बताएका हुन् । 'गभर्नरको विषयमा अहिले राजनीतिक समस्या छैन, ओलीजी पनि सकारात्मक नै हुनुहुन्छ, राष्ट्र बैंकभित्रकै समस्या हो', उनले भने ।

यस्तै, कार्यक्रममा सभापति देउवाले राज्यको आवश्यकताअनुसार प्रतिफल दिने आयोजनामा मात्रै लगानी गर्नुपर्नेमा जोड दिए । विदेशी अनुदान घट्दै गएको परिप्रेक्ष्यमा देशभित्रै लगानीमैत्री वातावरण तयार गर्नुपर्ने उनको भनाइ थियो । उनले भने, 'आईटी क्षेत्रको विकासमा जोड दिनुपर्छ, युवावर्गलाई यस क्षेत्रमा लाग्न प्रोत्साहन गर्नुपर्छ ।' निजी क्षेत्रमा लगानी सहज बनाउन संसद्बाट पाँच वटा विधेयक पारित भएको छ भन्दै उनले लगानी गर्न सहज बनाउने गरी बजेट आउने विश्वास दिलाए । कार्यक्रममा उनले देशको अर्थतन्त्रको क्षेत्रमा उदारीकरणका विषयमा कांग्रेसको जित भएको बताए ।

'भारतमा उदारीकरणको नीति नहुँदा नेपालले सुरुवात गरेको हो, सरकारले व्यापार, उद्योग गर्ने हैन, हामी मात्रै हैनौँ, प्रचण्ड र ओलीजी पनि यही नीतिमा हुनुहुन्छ, सरकारले नागरिकको शिक्षा र स्वास्थ्यमा लगानी गर्ने हो', उनले भने, 'सबै पार्टीहरु उदारीकरण आएका छन्, बेलायतमा अहिले पनि शिक्षा राज्यको नै दायित्व छ, शिक्षामा प्राइभेटले राम्रो त गरेको छ । तर सरकारीले काम गर्न सकेको अवस्था छैन, दुवैलाई अगाडि बढाइरहेका छौँ ।'

यस्तै, सभापति देउवाले जलवायु परिवर्तनको विश्वव्यापी समस्याले हिमालहरु पग्लिएर कालापत्थरमा परिणत हुने अवस्था रहेको भन्दै वनजङ्गल बचाउन ध्यान दिनुपर्ने बताए । उनले भने, 'ग्लोबल वार्मिङको समस्याले धेरै असहज बनाएको छ, यसमा ध्यान दिनुपर्छ, शिक्षा, स्वास्थ्य एवं हवाई यातायातका क्षेत्रमा नेपालले महत्वपूर्ण उपलब्धि हासिल गरेको छ, समावेशी विकास र भेदभावको अन्त्य नेपाली कांग्रेसले नै गरेको हो ।'

नेपाली कांग्रेस केन्द्रीय सदस्य एवं पूर्वअर्थमन्त्री महेश आचार्यले राज्य नियन्त्रित अर्थ व्यवस्था हुनुहुँदैन भन्दै कांग्रेसले खुला र प्रतिस्पर्धी अर्थतन्त्रमा जोड दिनुपर्ने बताए । सार्वजनिक संस्थानमा सरकारबाट प्रवाह हुने लगानीअनुसार प्रतिफल हासिल हुन नसक्दा नकारात्मक असर परिरहेको भन्दै यसलाई ध्यान दिंदै निजीकरणतर्फ जोड दिनुपर्ने उनले बताए । नेपाली कांग्रेस केन्द्रीय सदस्य एवं आर्थिक नीति तथा योजना विभागका प्रमुख प्राध्यापक डाक्टर गोविन्दराज पोखरेलले विद्यमान आर्थिक परिवेशमा बजेटले समेट्नुपर्ने नीतिका बारेमा जानकारी गराउँदै अर्थतन्त्रका मुख्य समस्या र समाधानका लागि अवलम्बन गर्नुपर्ने कार्यहरूका विषयमा जानकारी गराएका थिए ।

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जनकुमार श्रेष्ठले राजनीतिक अस्थिरताका कारण देशमा आर्थिक स्थिरता आउन नसकेको बताए । उनले खुलाबजार अर्थतन्त्रलाई प्रोत्साहन गर्दै आन्तरिक उत्पादनलाई निर्यात गर्न जोड दिनुपर्नेमा जोड दिए । नेपाल उद्योग परिसंघको वरिष्ठ उपाध्यक्षमा वीरेन्द्रराज पाण्डेले आगामी बजेटमा कर प्रणालीको सुधार गर्नुपर्ने, कर संकलन एउटै प्रणालीबाट हुनुपर्ने, दोहोरो करको व्यवस्थालाई हटाइनुपर्नेमा जोड दिनु आवश्यक रहेको बताए । उनले राष्ट्रिय उत्पादनलाई प्रवर्द्धन, प्राकृतिक सम्पदाहरूको राम्रोसँग उपयोग गर्न ध्यान दिनेगरी बजेट आउनुपर्ने बताए ।

# स्पार्क एड्भेन्चरमा दुई दर्जन बढी सेलिब्रेटी सहभागी हुने

आर्थिक संवाददाता
काठमाडौं, वैशाख २३

सोलुखुम्बुको पत्ताले, गौरी टाप, ओखलढुङ्गाको रुम्भाटार र आसपासका पर्यटकीय गन्तव्य प्रवर्द्धन गर्ने उद्देश्यले स्पार्क कारले आयोजना गर्न लागेको तेस्रो स्पार्क एड्भेन्चरमा दुई दर्जन बढी सेलिब्रेटी सहभागी हुने भएका छन् ।

एड्भेन्चरमा राजेश हमाल, मनीषा कोइराला, क्याप्टेन विजय लामा, गायिका आनी छोइङ डोल्मा, हास्यकलाकारद्वय सन्दीप क्षेत्री र राजा राजेन्द्रलगायत दर्जनभन्दा बढी कलाकार सहभागी हुन लागेका हुन् । त्यस्तै, पीबीसी मास्टरसेफ सन्तोष शाह, फिल्म निर्देशक रामबाबु गुरुङ एवं मीन भाम, नायट्यकर्मी अनुप बराल, कवि विप्लव प्रतीक, डन डिरेक्टर अमन प्रताप अधिकारीको उपस्थिति हुने जनाइएको छ । स्पार्क एड्भेन्चरको तालिकाअनुसार रुम्भाटारमा कन्सर्ट आयोजना गरिने स्पार्क एड्भेन्चरका संयोजक अमरदीप भट्टराईले जानकारी दिए । कन्सर्टमा स्थानीय कला संस्कृतिसँगै वरिष्ठ गायक दीप श्रेष्ठ, प्रेमराजा महत, राजु लामा, सुनिता दुलाल, विमलराज क्षेत्री र आस्था रावतलगायतको सांगीतिक प्रस्तुति रहनेछ ।

ओझेलमा परेका पर्यटकीय गन्तव्य प्रवर्द्धन गर्दै आएको स्पार्क कारले यही वैशाख २६ देखि २८ गतेसम्म 'गेट वे टु एभरेस्ट' थिममा स्पार्क एड्भेञ्चर, २०२५ हुन लागेको स्पार्क कारका निर्देशक सिताराम घिमिरेले जानकारी दिए ।

# धनगढीमा पञ्चकन्या ग्रुपको प्रिमियम बाथवेयर लाइनको शुभारम्भ

वैशाख २३ । पञ्चकन्या ग्रुपले आफ्नो नयाँ ब्रान्ड पञ्चकन्या बाथवेयरको धनगढीमा औपचारिक शुभारम्भ गरेको छ । यो नयाँ प्रयासले नेपालको बाथवेयर बजारमा लामो समयदेखि देखिएको समस्या–अत्यधिक महँगा प्रिमियम उत्पादन र सस्तो तर न्यून गुणस्तरका विकल्पबीच सीमित रोजाइलाई सम्बोधन गर्ने उद्देश्य राखेको छ ।

पञ्चकन्या बाथवेयरले सुचिन्तितरूपमा डिजाइन गरिएको प्रिमियमस्तरको ट्याप, सावर र अन्य सहायक उपकरणहरु प्रस्तुत गर्दैछ, यसले विलासिता, पहुँच योग्यता, र दीर्घकालीन भरपर्दोपनलाई एकैसाथ जोड्छ । डिजाइन उत्कृष्टता र दिगोपनमा केन्द्रित यो ब्रान्डले नेपाली घरपरिवार तथा व्यावसायिक स्थलहरूको दैनन्दिन अनुभवलाई नयाँ परिभाषा दिने उद्देश्य राख्दछ । धनगढीमा आयोजित डिलर लञ्च कार्यक्रममा स्थानीय व्यावसायिक संघ, शिक्षा, होटल तथा निर्माण क्षेत्रका ६० भन्दा बढी अतिथिहरूको सहभागिता रहेको थियो ।

पञ्चकन्या ग्रुपका निर्देशक अशिक श्रेष्ठले कम्पनीको गुणस्तर र नवप्रवर्तनमा केन्द्रित प्रतिबद्धता प्रस्तुत गर्दै बाथवेयर बजारमा ब्रान्डको दृष्टिकोण, विशेषता र यसको दीर्घकालीन सम्भावनाका बारेमा जानकारी गराएका थिए । पञ्चकन्या बाथवेयरका सेल्स हेड बसन्त रिजालले उत्पादनको विशेषता, सेवा प्रत्याभूति र आगामी रणनीतिबारे सहभागीहरूलाई जानकारी दिए ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८२/०१/२४

यस कम्पनीको साधारणसभाको निर्णयानुसार साविकको कम्पनी **आकाश गंगा मेडिकल हल प्रा.लि.(प्रा.लि.नं.११८८५७)** को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७३/०७/०५ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **गंगा हर्ट क्लिनिक प्रा.लि.** कायम गरिएको जानकारी गराइन्छ ।

**बागमती प्रदेश सरकार**

## श्रम, रोजगार तथा यातायात मन्त्रालय

**हेटौंडा, नेपाल**

## सूचना

**त्रुटि सच्याइएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस मन्त्रालयबाट २०८२/०१/१८ गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित "एकीकृत राईड सेयरिङ्ग व्यवस्थापन सूचना प्रणालीमार्फत राईड सेयरिङ्ग सवारी साधनहरूको प्रविधिमैत्री व्यवस्थापन सम्बन्धमा अवधारणा पत्र पेश गर्ने"सम्बन्धी सूचनामा प्रकाशित भएको मिति २०८२/०१/१८ हुन पर्नेमा भुलबस २०८१/०१/१८ भएको हुदा सो त्रुटिलाई सच्चाई प्रकाशित भएको मिति २०८२/०१/१८ रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

## ३५ दिने हकदावी सम्बन्धी लिक्विडेटर कार्यालयको सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरमा मिति २०५०।०३।१६ मा दर्ता भएको दर्ता नं. ६६० सेफ कन्सल्टिङ आर्किटेक्टस एण्ड इन्जिनियर्स प्रा. लि. को मिति २०८१।१२।२८ गते बसेको विशेष साधारण सभाको बैठकले कम्पनीलाई स्वेच्छिक खारेजीको प्रकृया शुरू गरिएको छ । तसर्थ उक्त कम्पनीसँग कोही कसैको लेनदेन बाँकी भएमा तल उल्लेखित ठेगानामा आवश्यक प्रमाण सहित आजका मितिले ३५ दिनभित्र हक दावी पेश गर्न हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । कमपनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम बाँकी दायित्व भुक्तान गरी बाँकी जायजेथा शेयरधनीलाई बाँडिने हुनाले तोकिएको म्यादभित्र दावी नगरिएमा पछि कुनै दावी नलाग्ने व्यहोरा समेत सम्बन्धित सवैलाइ यसै सूचना मार्फत जानकारी गराइएको छ ।

**लिक्विडेटर: अधिवक्ता दिपेन्द्र राज शिल्पकार**
**ल.पु.म.न.पा. वडा नं. १६, जोम्बहाल, ललितपुर, मोबाइल नं. ९८४३२०३७१०**

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरेको विवरणहरू देहाय बमोजिम रहेका छन ।

**(सार्वजनिक गरेको अवधि : आ.व. २०८१/८२ को तेश्रो त्रैमास २०८१ माघ देखि २०८१ चैत्र मसान्त सम्म)**

| क्र. सं. | विवरण | व्यवस्था |
|---|---|---|
| १ | निकायको स्वरुप र प्रकृति | लुम्बिनी विकास बैंक लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गरी सञ्चालित राष्ट्रिय स्तरको "ख" वर्गको विकास बैंक हो । |
| २ | निकायको काम, कर्तव्य र अधिकार | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको काम कर्तव्य र अधिकार रहेको । |
| ३ | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण | संस्थामा २०८१ चैत्र मसान्तमा ६१८ जना कर्मचारीहरु कार्यरत रहेका र व्यवस्थापन पदमा कार्यरत कर्मचारीहरुको विवरण यस विकास बैंकको वेवसाईटमा राखिएको छ । |
| ४ | निकायबाट प्रदान गरिने सेवा | राष्ट्रिय स्तरको "ख" वर्गको विकास बैंकबाट प्रदान गर्न सकिने तथा नेपाल राष्ट्र बैंकले समय समयमा तोकेका सम्पुर्ण सेवाहरु । |
| ५ | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | विकास बैंकले २०८१ चैत्र मसान्तसम्म ८९ वटा शाखाहरु तथा १ वटा विस्तारित काउण्टर मार्फत बैंकिङ्ग सेवा प्रदान गर्दै आईरहेको छ । शाखाहरुको विवरण यस विकास बैंकको वेवसाइट www.lumbinibikasbank.com मा उपलब्ध छ । साथै सबै शाखा प्रमुखहरुलाई सम्बन्धित शाखाको जिम्मेवार अधिकारी तोकिएको छ । |
| ६ | सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि | यस विकास बैंकले प्रदान गर्ने विभिन्न सेवाहरुको शुल्क तथा अवधिको विवरणहरु यस विकास बैंकको वेवसाइट www.lumbinibikasbank.com मा उपलब्ध छ । सेवा प्रदान गर्ने अवधि सम्बन्धमा कामको प्रकृति अनुसार फरक पर्न सक्नेछ । |
| ७ | निर्णय गर्ने प्रक्रिया र अधिकारी | कामको प्रकृति तथा गाम्भिर्यता समेतलाई मध्येनजर गरी बिभिन्न प्रकारका निर्णयहरु बिभिन्न तहका अधिकारीहरुबाट गर्न सकिने व्यवस्था मिलाईएकोछ । विकास बैंकको नीतिगत तहमा सञ्चालक समिति र व्यवस्थापकीय तहमा प्रमुख कार्यकारी अधिकृत अन्तिम निर्णयकर्ताको रुपमा रहनु भएको छ । |
| ८ | निर्णय उपर उजुरी सुन्ने अधिकारी | श्री नरेश सिंह बोहरा<br>प्रमुख कार्यकारी अधिकृत |
| ९ | सम्पादन गरेको कामको विवरण | यस विकास बैंकले राष्ट्रिय स्तरको "ख" वर्गको विकास बैंकले सम्बन्धित ऐन र नियमानुसार गर्नुपर्ने कार्यहरु सम्पादन गर्दै आईरहेको छ । |
| १० | सूचना अधिकारी र प्रमुखको नाम तथा पद | हरि कृष्ण सुवेदी, मुख्य प्रवन्धक/सूचना अधिकारी<br>नरेश सिंह बोहरा, प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव |
| ११ | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | प्रचलित ऐन, नियम, विनियम वा निर्देशिकाहरु लगायतका सूचना/जानकारीहरु सम्बन्धित कार्यालयको वेबसाइटबाट प्राप्त गर्ने गरिएको । |
| १२ | आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | विकास बैंकको आम्दानी, खर्च तथा अन्य सम्पूर्ण आर्थिक कारोबार सम्बन्धी वित्तीय विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरि सोही विवरणहरु यस विकास बैंकको आधिकारिक वेबसाईट www.lumbinibikasbank.com मा समेत अद्यावधिक गर्ने गरिएको छ । |
| १३ | तोकिए बमोजिमका अन्य विवरण | सम्बन्धित नियमनकारी निकाय तथा अन्य निकायहरुबाट आवश्यकता अनुसार माग भएको विवरणहरु नियमित रुपमा पेश गर्ने गरिएको र आवश्यक भएको अवस्थामा प्रकाशन समेत गर्ने गरिएको छ । |
| १४ | अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण | विकास बैंकले मिति २०८१/०९/२९ गते १७ औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ । |
| १५ | सार्वजनिक निकायको वेबसाईट भए सो को विवरण | www.lumbinibikasbank.com |
| १६ | सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण | नभएको । |
| १७ | सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति विवरण | विकास बैंकले बैंकिङ्ग कारोबार सञ्चालन गरिरहेको तथा समय समयमा संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु मार्फत विभिन्न प्रकारका सहयोगहरु प्रदान गर्दै आएको छ । |
| १८ | सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि | बैंकिङ्ग कारोबार सम्बन्धी तथ्याङ्कहरु प्रचलित ऐन नियमको व्यवस्था वमोजिम संरक्षण गर्ने गरिएको छ । |
| १९ | सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण | माग भएका विभिन्न सूचना तथा जानकारीहरु उपलव्ध गराउने गरेको । |
| २० | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण | विकास बैंकको वित्तीय विवरण वार्षिक साधारणसभा पुर्व पुस्तकको रुपमा प्रकाशित गर्ने गरिएको छ भने आर्थिक कारोबार सम्बन्धी विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित गरिँदै आएको छ । गत त्रैमासको वित्तीय विवरण मिति २०८२/१/०७ गतेको अभियान राष्ट्रिय दैनिकमा प्रकाशन गरिएकोछ । त्यसै गरी सार्वजनिक रुपमा सुसूचित गराउनुपर्ने जानकारी तथा सूचनाहरु राष्ट्रिय स्तरको पत्रिकाको साथै विकास बैंकको वेवसाइट www.lumbinibikasbank.com मा समेत प्रकाशित गर्ने गरिएको छ । |

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा

**केन्द्रीय कार्यालय:**
**सनराईज विज पार्क, डिल्लीबजार, काठमाडौं**
**फोन नं.: ०१-४५१३२३२, ४५१३२३४**

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

## जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक समूहको शेयर लिलाम बढाबढ प्रक्रियाद्वारा बिक्री गर्न विद्यमान संस्थापक तथा सर्वसाधारणहरूलाई शिलबन्दी बोलपत्र आव्हानको सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०८२/०१/२४**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२/०२/०७**

जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापकहरुको नाममा रहेको संस्थापक समूहतर्फको **कुल १,३३,३०२ कित्ता** शेयर प्रचलित नियम कानून तथा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन, २०८१ को निर्देशन नं. १०/०८१ तथा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्थाको अधिनमा रही संस्थापक समूहको शेयर सोही समूहमा नै रहने गरी लिलाम बढाबढद्वारा बिक्री गर्न वित्तीय संस्थाको संचालक समितिको निर्णयबाट स्वीकृति प्राप्त भई सम्बन्धित संस्थापक शेयरधनीहरुबाट उक्त शेयरहरु लिलाम बढाबढको माध्यमबाट विद्यमान संस्थापक तथा अन्य व्यक्ति वा संस्थाहरुलाई बिक्री गर्न यस कम्पनीलाई बिक्री प्रबन्धकमा नियुक्त गरेकोले उक्त शेयरहरु खरीद गर्न ईच्छुक विद्यमान संस्थापक शेयरधनी लगायत अन्य ईच्छुक व्यक्ति तथा संगठित संस्थाले **मिति २०८२/०२/०७ गते अपरान्ह ३:०० बजेभित्र जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय, कटहरी-२, मोरङ्ग वा बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौंमा** आइपुग्ने गरी प्रतिकित्ता के कति दर रेटमा खरीद गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

| क्र.सं. | कोड नम्बर | बिक्रीकर्ता | बिक्री गरिने जम्मा शेयर संख्या | न्यूनतम आवदेन दिनुपर्ने शेयर संख्या | प्रस्ताव गरिएको न्यूनतम प्रति शेयर मूल्य |
|---|---|---|---|---|---|
| १ | B-०८१/८२ | बिक्रीकर्ता नं. १ | ४,०३० कित्ता | २५० कित्ता | ५२५/– |
| २ | E-०८१/८२ | बिक्रीकर्ता नं. २ | ५९,६२२ कित्ता | २५० कित्ता | ५३०/– |
| ३ | G-०८१/८२ | बिक्रीकर्ता नं. ३ | ६९,६५० कित्ता | २५० कित्ता | ५३०/– |

**ईच्छुक आवेदकले आफुले आवेदन गर्दा कुन बिक्रेताको शेयर खरीद गर्न आवेदन गरेको हो सो को कोड नम्बर सहित आवेदन फाराममा तथा शिलबन्दी खाम बाहिर समेत स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।**

**शर्तहरु:**

१. बोलपत्र आवदेन फाराम जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय, कटहरी-२, मोरङ्ग वा बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौंबाट रु. १००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिनेछ । आवेदकले फाराम खरीद गर्दा जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड वा बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेडबाट छाप लगाएको आवेदन फाराम खरीद गरी लिनुपर्नेछ । छाप नलगाएको वा फोटोकपी गरी पेश गरिएको आवेदन फारामलाई अयोग्य ठहराई बाँडफाँडमा समावेश गरिने छैन ।

२. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु. माथि उल्लेखि गरिएको कोड नं. बमोजिम तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ । एउटा व्यक्ति वा कम्पनीले एउटा वा अन्य बिक्रीकर्ताको शेयर खरीद गर्न बोलपत्र मार्फत छुट्टाछुट्टै आवेदन दिन सक्नेछ । तर एउटा बिक्रीकर्ताको शेयर खरीद गर्न आवेदकले एउटा मात्र बोलपत्र मार्फत आवेदन दिन सक्नेछ । साथै, बोलपत्र फाराम लाहाछाप लगाई शिलबन्दी गरिएको हुनुपर्नेछ ।

३. बोलपत्र आवेदन फाराममा आफुले लिन चाहेको शेयर संख्या तथा आफूले कबोल गरेको प्रति कित्ता दर अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ । धेरै केरमेट भई कबोल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन । कबोल गर्ने दर दशमलव पछिको दुई अंक मात्र मान्य हुनेछ ।

४. बोलपत्रदाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, मोबाईल नम्बर, आफ्नो खाता रहेको बैंकको नाम र खाता नं. तथा आफ्नो हितग्राही खाता नं. (Demat Account No.) लगायत बोलपत्र आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रुपमा अनिवार्य उल्लेख गर्नुपर्नेछ ।

५. संस्थापक शेयर खरीद गर्न ईच्छुक सम्पूर्ण बोलपत्रदाताले नेपाल राष्ट्र बैंकबाट संस्थापक शेयरधनीको लागि तोकिएको Fit & Proper Test (अनुसूची ३) को विवरण (फोटो सहित), कर्जा सूचना केन्द्र लिमिटेडबाट प्राप्त कालोसूचीमा समावेश नभएको प्रमाणित हुने कागजात (कम्तिमा २०८२ जेष्ठ मसान्तसम्म तीन महिना अवधि कायम रहेको), आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, पछिल्लो आर्थिक वर्षका कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, आफ्नो नाममा वा आफ्नो नाममा रहेको व्यवसायको स्थायी लेखा नम्बरका साथै नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

६. बोलपत्र पेश गर्दा न्यूनतम २५० कित्ता र सो भन्दा बढीका लागि १०० (एक सय) अंकले भाग जाने संख्यामा वा अधिकत्तममा सम्पूर्ण कित्ताको लागि आवेदन दिन सकिनेछ । रु.५ लाख भन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रुपमा आफ्नो स्थायी लेखा नम्बर (PAN) आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ ।

७. शेयर आवेदन फाराम नेपाली तथा अंग्रेजी भाषामा BOID मा भएको विवरणसँग हुबहु मिल्ने गरी पूर्ण रुपले भरी बोलपत्रदाताले बोलपत्र आवेदन साथ आफुले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्य तथा शेयर नामसारी गरिलिंदा तिर्नु/बुझाउनुपर्ने ब्रोकेरेज शुल्क, सेबोन कमिशन र डिपोजिटरी दस्तुर समेत गरी हुन आउने सम्पूर्ण रकम मिति २०८२/०२/०७ गतेसम्म तल उल्लेख गरे बमोजिमको बैंक खातामा धरौटी बापत जम्मा गरेको सक्कल भौचर (Deposit Slip) वा IPS मार्फत रकमान्तरण गरिएको भए सो को Transaction Copy संलग्न गर्नु पर्नेछ वा नेपाल क्लियरिङ्ग हाउस लि. को सदस्य भएको बैंक तथा वित्तीय संस्थाको Good For Payment गरिएको A/C Payee Cheque/Manager's Cheque संलग्न गर्नुपर्नेछ । Good For Payment/IPS मार्फत रकम जम्मा गर्दा लाग्ने शुल्क आवेदक स्वंयले नै व्यहोर्नु पर्नेछ ।

| क्र.सं. | बैंक | खाताको नाम | खाता नं. |
|---|---|---|---|
| १. | एनएमबि बैंक लिमिटेड | NMB CAPITAL LIMITED - OPERATION | 0010005401000042 |

८. **आवेदनका साथ देहायका कागजात संलग्न गर्नुपर्नेछ :**
   क. आवेदकले आवेदनका साथ तीन प्रति फोटो, आवेदक स्वयंले प्रमाणित गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा सदस्य दलालकहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण तथा बुंदा नं. ५ बमोजिमको आवश्यक कागजात ।
   ख. आवेदक संगठित संस्था/कम्पनी भएमा कम्पनीको दर्ता प्रमाणपत्र, कारोबार गर्न इजाजत पाएको प्रमाणपत्र, शेयरधनी/संचालक लगत, आयकर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, पछिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, शेयर खरीद गर्ने सम्बन्धमा संचालक समितिको निर्णय, संस्था प्रमुखको नागरिकताको प्रमाणित प्रतिलिपि, संस्थाको बिगत दुई बर्षको वित्तीय विवरण, संस्थाको तथा संचालकहरुको कर्जा सूचना केन्द्रबाट प्राप्त कालोसूचीमा नरहेको प्रमाणित हुने कागजात (कम्तिमा २०८२ जेष्ठ मसान्तसम्म तीन महिना अवधि कायम रहेको), कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि तथा सदस्य दलालकहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण तथा बुंदा नं. ५ बमोजिमको आवश्यक कागजात ।
   ग. प्रहरी प्रतिवेदनमा अपराधिक पृष्ठभूमीमा नदेखिएको पत्र (Police Clearance Report) वा देखिएको व्यक्ति भए सजाय भुक्तानी गरी सफाई पाएको ५ वर्ष व्यतित भएको प्रहरीको प्रतिवेदन ।
   घ. माथि उल्लेखित कागजात बाहेक अन्य कुनै कागजात आवश्यक परेमा सो समेत आवेदकले जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड वा बिक्री प्रबन्धकको कार्यालयमा उपलब्ध गराउनुपर्नेछ ।

९. बोलपत्र आवेदन पेश गर्दा शिलबन्दी खाम बाहिर **"जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड" शेयर खरीद आवेदन (संस्थापक समूह) कोड नम्बर"** उल्लेख भएको हुनुपर्नेछ ।

१०. बोलपत्र मिति २०८२/०२/०७ गते बुधबार अपरान्ह ३:०० बजेभित्र जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड वा बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौंमा दर्ता भई सक्नुपर्नेछ । कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिईनेछैन । साथै, बोलपत्र दाखिला गरिसकेपछि बोलपत्रमा कबोल गरेको शेयर संख्या वा रकममा कुनै हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिनेछैन ।

११. प्राप्त शिलबन्दी बोलपत्रहरु मिति २०८२/०२/१२ गते सोमबार बिहान १०:०० बजे एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौंमा बोलपत्रदाता वा निजद्वारा लिखित रुपमा नियुक्त प्रतिनिधिको उपस्थितिमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोहि समयमा सोहि स्थानमा बोलपत्र खोलिनेछ ।

१२. प्राप्त बोलपत्रहरुको छानविन तथा जाँच गरी रितपूर्वक पेश गरेका आवेदकहरुलाई बाँडफाँड प्रक्रियामा समावेश गरी प्रारम्भिक बाँडफाँड गरिनेछ । प्रारम्भिक बाँडफाँडमा परेका बोलपत्रदाताहरुको विवरण सहित स्वीकृतिका लागि जीवन विकास लघुवित्त वित्तीय संस्थाको संचालक समितिमा पठाईनेछ र सो वित्तीय संस्थाको संचालक समितिबाट बाँडफाँडको स्वीकृति प्राप्त भए पश्चात् तथा नेपाल राष्ट्र बैंकको स्वीकृति आवश्यक पर्ने बोलपत्रदाताहरु भएमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भए पश्चात् मात्र बाँडफाँडको अन्तिम स्वीकृति भएको मानिनेछ । कथंकदाचित जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड वा नेपाल राष्ट्र बैंकबाट बाँडफाँडका लागि स्वीकृति प्राप्त नभएमा वा माग गरेको शेयरमध्ये आंशिक शेयरकालागि मात्र स्वीकृति प्राप्त भएमा सोहि बमोजिमको शेयर बाँडफाँड गरिनेछ । यसरी गरिएको बाँडफाँड बोलपत्रदातालाई स्वीकार्य हुनुपर्नेछ । बाँडफाँडको अन्तिम स्वीकृति प्राप्त भए पश्चात् मात्र शेयर नामसारीको प्रकृया अगाडि बढाईनेछ ।

१३. बाँडफाँडमा परेका आवेदक संस्थापक शेयरधनीहरुलाई निजको नाममा बाँडफाँडमा परेको शेयर निजको हितग्राही खातामा जम्मा गर्नका लागि धितोपत्र दलाल (स्टक ब्रोकर) मार्फत कारोबार गराई जम्मा गरिने भएकाले सो कारोबार गर्दा प्रचलित कानून बमोजिम लाग्ने शुल्क तथा कमिशन सम्बन्धित खरीदकर्ताले नै व्यहोनुपर्नेछ । बिक्रेताको लागि लाग्ने उपरोक्त शुल्क, कमिशन तथा पूँजीगत लाभ कर भने बिक्रेता स्वयंले नै व्यहोर्नुपर्नेछ ।

१४. माथि बुँदा १२ बमोजिम वित्तीय संस्थाको संचालक समिति वा नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम शेयर बाँडफाँड गर्दा शेयर बाँकी रहन गएमा बाँडफाँडमा नपरेका रितपूर्वकको आवेदन पेश गर्ने बोलपत्रदाताहरुमध्ये प्रति शेयर अधिकतम मूल्य कबोल गर्ने बोलपत्रदाताहरुलाई क्रमश: बाँकी रहेको शेयर वित्तीय संस्थाको संचालक समितिको स्वीकृति लिई बाँडफाँड गर्न सकिनेछ ।

१५. दरखास्त फारामसाथ बुझाएको अन्य शुल्क तथा दस्तुर नपुग भएमा वा केही कारणवश परिबर्तन हुन गएमा सो पुन: माग गर्न कुनै बाधा पर्ने छैन ।

१६. बोलपत्र आवेदनहरुमध्ये बाँडफाँडमा नपरेको आवेदकहरुको बोलकबोल वापत जम्मा भएको रकम अन्तिम बाँडफाँड पश्चात् धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा तोकिएको समयावधिभित्रमा IPS मार्फत आवेदकहरुले आवेदन फाराममा उल्लेख गरेको बैंक खातामा सोझै फिर्ता भुक्तानी गरिनेछ । साथै, यस्तो फिर्ता गरिने रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

१७. यस सूचना बमोजिम निष्काशन गरिएको शेयरका लागि लिलाम बढाबढ गर्दा सबै शेयर खरीदका लागि दरखास्त नपरेपनि बाँडफाँडमा परेको शेयर सम्बन्धित निवेदकलाई बाँडफाँड गरिनेछ र बाँकी रहेको शेयर सम्बन्धित बिक्रेताको स्वीकृतिमा पुन: लिलाम बढाबढ गरी बिक्री गर्न सकिनेछ ।

१८. शेयर बाँडफाँड सम्बन्धी कुनै विवाद उत्पन्न भएमा नियमनकारी निकायको राय सुझाव लिई सोही बमोजिम विवादको समाधान गरिनेछ र सो निर्णय खरीदकर्ता तथा बिक्रेता दुबैलाई मान्य हुनुपर्नेछ ।

१९. सम्बन्धित बिक्रेताको नाममा रहेको शेयर खरीदकालागि प्राप्त याग्य आवदेनलाई मात्र सोहि बिक्रेताको शेयर बाँडफाँडमा समावेश गरिनेछ ।

२०. एउटा बिक्रीकर्ताको शेयर खरिदका लागि दिइएको आवेदन अर्को बिक्रीकर्ताको शेयर बाँडफाँडमा समावेश गरिनेछैन ।

२१. यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कटहरी-२, मोरङ्गमा वा बिक्री प्रबन्धकको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गरी लिन सकिने छ ।

बिक्री प्रबन्धक:
NMB CAPITAL
एनएमबि क्यापिटल
**एनएमबि क्यापिटल लिमिटेड**
बालुवाटार, काठमाडौं, नेपाल, फोन: ९७७-०१-४५३७९६०
इमेल: info@nmbcl.com.np वेबसाइट: www.nmbcl.com.np

Economic National Daily
आर्थिक
राष्ट्रिय दैनिक

## सम्पादकीय

# नेपाल पनि रोजगारी दातादेश

वैदेशिक रोजगारीमा जाने नेपालीहरूको संख्या उच्चस्तरमा नै छ । वर्षको करिब आठदेखि दशलाखसम्मको संख्या वैदेशिक रोजगारीमा जाने गरेका आँकडाहरु छन् । यो भनेको तेस्रो देशको संख्या हो । छिमेकी देश भारतमा त कुन वर्ष कति गए वा गइरहेका छन् भन्ने रेकर्ड पनि हुँदैन । खुला सीमाका कारण त्यता जानेहरूको उचित अभिलेख रहने गरेको छैन । केहीकेही नाकामा यस्तो रेकर्ड राखिन्छ पनि होला तर यकिन यति नै होला भनी अनुमान गर्न सकिँदैन । खासगरी पश्चिम भू-भागबाट छिमेकी देशमा रोजगारीका लागि जाने र चार्डपर्वमा फर्केर आउनेहरूको लर्को नै देखिन्छ । यो एउटा सामान्य प्रक्रिया भइसकेको अवस्था छ । त्यताजान कुनै रोकबाट नहुने कारणबाट पनि युवाशक्ति लस्करै त्यता लाग्ने गर्छन् । तर नेपाली मात्र भारत जाने होइनन् । भारतबाट पनि ठूलो संख्यामा रोजगारीकै लागि नेपाल आउने गरेका पाइन्छ । जसको पनि औपचारिक रेकर्ड हुँदैन । तर यतिचाहिँ के भन्न सकिन्छ भने नेपाल पनि संख्या कमबेसी जेहोस् रोजगारदाता देशमा नै पर्छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको विवरणमा हेरियो भने नेपालमा विभिन्न क्षेत्रमा काम गर्नका लागि हजारौँ दक्ष विदेशी श्रमिक आउजाउ गरेको देखिन्छन् । ठूलाठूला र राष्ट्रिय महत्वका तथा राष्ट्रिय गौरव मानिएको सरकारी योजना तथा निजी क्षेत्रका विभिन्न उद्योग तथा व्यवसाय विदेशी श्रमिकका संख्या निकै बाक्लो नै रहेको पाइन्छ । जसले नेपाल पनि रोजगारदाता देशमध्येमा नै पर्छ भन्न सकिन्छ । मन्त्रालयको अभिलेखअनुसार यतिबेला नेपालमा २१ हजार सात सय ५९ जना दक्ष विदेशी श्रमिक कार्यरत रहेका अवस्था छ । यसमा पुरूष १९ हजार एक सय ३८ जना र महिला दुई हजार छ सय २१ जना रहेका छन् । खासगरी दक्ष विदेशी श्रमिकका लागि त नेपालले आह्वान नै गर्ने गरेको छ । यसले यदि आफ्ना नागरिकलाई दक्ष बनाउनेतर्फ लाग्ने हो भने कम्तीमा उल्लेखित संख्यामा आफ्नै नागरिकले रोजगारी पाउने थिए भन्ने ठान्न सकिन्छ । श्रम विभागका अधिकारीका अनुसार विभिन्न संघ-संगठनले दक्ष विदेशी श्रमिक ल्याउन पाउँ भनेर निवेदन नै दिइन्छ । उनीहरूको आवश्यकता पूरा गर्न विदेशी श्रमिकलाई श्रम स्वीकृति दिइन्छ । सरकार आफैँले पनि स्वदेशी श्रमिक प्रयोग गर्ने र अभाव भएको खण्डमा आपूर्ति गर्न सक्ने व्यवस्था गरेको अवस्था छ । विभिन्न परियोजनामा दक्ष जनशक्ति त चाहिन्छ नै ।

यतिबेला श्रम विभागको अनुमतिबाट नेपालमा रोजगारी गरिहेका मुलुकको संख्या पनि सयभन्दा बढी नै छन् । विवरणले नै नेपालमा आकर्षक प्रकारको रोजगारी प्राप्त गरिहेकामध्ये अर्को छिमेकी देश चीनका नागरिकहरु सबैभन्दा बढी छन् । चिनियाँ ठेकेदारको संख्या पनि ठूलो छ । खासगरी भौतिक पूर्वाधार निर्माणमा चिनियाँ ठेकेदारले काम पाउने गरेका छन् । देशका केही वर्षअघि मात्र सम्पन्न भएका दुईवटा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल चिनियाँ ठेकेदारले नै बनाएका हुन् । विभागका अनुसार हालसम्म चिनियाँ श्रमिकको संख्या १० हजारभन्दा बढी रहेको अवस्था छ । नेपालमा काम गर्ने विदेशी श्रमिकमा अरु देशका पनि छन् । बेलायत, अमेरिका, दक्षिण कोरिया, भारत, जापानलगायत मुलुकका श्रमिकको संख्या ठूलो रहेको अभिलेख छ । सबैले नै श्रम स्वीकृति लिएका, त्यसको नवीकरण गरेको आधारमा यो संख्या रहेको बताइएको छ । जस्तो बेलायतका छ सय २७, अमेरिकाका चार सय ६९, दक्षिण कोरियाका तीन सय ५३, जापानका तीन सय ३४, अस्ट्रेलियाका एक सय ६७ जना आदि । यी सबैले के भन्न सकिन्छ भने नेपाल पनि एउटा रोजगारदाता देशमा नै पर्छ ।



अर्थ
वित्तीय शब्दकोष
ऋषिलाल श्रेष्ठ

### Cash Profit (नगद नाफा)

कर ह्रास अन्य गैर नगदी पुँजीकृत आर्थिक खर्चहरु कटाउनु अघिको नाफा । यदि यो रकम न्युन भइ घाटा भएमा नगद घाटा (Cash Less) हुन्छ ।

### Cash Retio (नगद अनुपात)

कम्पनीको चालु दायित्वको अनुपातमा रहेको नगद र तुरून्त नगदमा परिवर्तन गर्न सम्पत्तिमा जिन्सी मौज्दातलाई कटाई बाँकी रहेको रकमलाई चालु दायित्वले भाग गरी निकालिने गरिन्छ ।

### Cash Reserve Ratio (नगद जगेडा अनुपात)

देशको केन्द्रीय बैंकले वाणिज्य बैंकमा रहेको ग्राहकको निक्षेपको निश्चित प्रतिशत रकम जगेडाको रूपमा केन्द्रित बैंकमा सुरक्षण जगेडाको रूपमा जम्मा गर्न नियमबाट तोकिएको प्रतिशत ।

# सम्राट अशोक, बुद्धका पाइला र लुम्बिनी



● सुरज घिमिरे

"मगध र कलिङ्गका बीच करीब चार वर्षसम्म युद्ध चल्यो । उक्त समयको कलिङ्ग अर्थात् अहिलेको भारतको उडीसा । कलिङ्ग युद्ध एक भयङ्कर युद्ध थियो । यस युद्धका बारेमा अशोकको १३ औँ शिलालेखमा भेट्न सकिन्छ । युद्धमा लगभग डेढ लाख मानिस घायल भए । करिब एक लाख मानिसको मृत्यु भयो । कलिङ्ग युद्धमा दुवै राज्यका असङ्ख्य जनकायको विनाश भयो । युद्धले नरसंहार गऱ्यो । युद्धमा नरसंहार गरेकै कारण गर्दा अशोकलाई "चण्डशोक" पनि भन्न थालियो । जीवनकालमा कहिले पनि र कुनै पनि युद्ध हारेका थिएनन् अशोकले । कलिङ्गमाथि पनि विजय प्राप्त गरे ।"

मगधका राजा थिए मौर्यवंशी चन्द्र गुप्त । राजधानी थियो पाटलीपुत्र । चन्द्र गुप्तका सन्तान बिन्दुसार र बिन्दुसारका छोरा थिए अशोक । विन्दुसारको देहान्तपछि आफ्ना उनान्सय दाजुभाइको रगतको जगमा अशोकले राज्यभिशेष गरे । तर, मगधको सम्राट बनेर उनलाई सन्तोष मिलेन । समग्र भारत वर्षको विजेता बन्ने लालसा पलायो । युद्धमा निस्किए उनी । समग्र विजय प्राप्त गरिसकेपछि बाँकी थियो कलिङ्ग । कलिङ्ग आफैमा एक सम्पन्न र शक्तिशाली राज्य । अशोकले कलिङ्गमा आक्रमण सुरू गरे ।

मगध र कलिङ्गका बीच करीब चार वर्षसम्म युद्ध चल्यो । उक्त समयको कलिङ्ग अर्थात् अहिलेको भारतको उडीसा । कलिङ्ग युद्ध एक भयङ्कर युद्ध थियो । यस युद्धका बारेमा अशोकको १३ औँ शिलालेखमा भेट्न सकिन्छ । युद्धमा लगभग डेढ लाख मानिस घायल भए । करिब एक लाख मानिसको मृत्यु भयो । कलिङ्ग युद्धमा दुवै राज्यका असङ्ख्य जनकायको विनाश भयो । युद्धले नरसंहार गऱ्यो । युद्धमा नरसंहार गरेकै कारण गर्दा अशोकलाई "चण्डशोक" पनि भन्न थालियो । जीवनकालमा कहिले पनि र कुनै पनि युद्ध हारेका थिएनन् अशोकले । कलिङ्गमाथि पनि विजय प्राप्त गरे ।

युद्धको दौरान नदीमा मिसिएको मानिसको रगतले नदी पनि रगताम्य देखियो । घाइते, अपाङ्ग तथा असाह्यहरूको चित्कार अशोकको कानमा गुन्जिरह्यो । उनी आफैमा अशान्त बने । युद्ध मैदानमा विजयी भएका अशोकले आफैसँग हारेको महशुस गरे । युद्धप्रति उनको वितृष्णा जाग्यो । ययस घटनापछि उनले युद्धलाई सधैँको लागि विराम मात्र गरेनन्, स्वयम्लाई बुद्ध धम्मको शरणमा समर्पित पनि गरे । चण्डाशोक "धर्माशोक" मा परिणत भए ।

सम्राट अशोकले आफ्नो बाँकी जीवन बुद्धशासनको उन्नति, अभिबृद्धि र विकासका निम्ति अर्पण गरे । राज्यमा काटमार र हिंशालाई बन्देज गरे । अशोकको राज्यले बौद्ध संघ र भिक्षुहरूको सेवा सुविधामा कुनै कसर राखेन । पछि भिक्षु भएमा सुविधा प्राप्त गर्न सकिन्छ भन्ने उद्देश्यले जस्ता मान्छे पनि भिक्षु बन्ने क्रम बढ्यो । यही कारणले भिक्षु संघमा सुधार ल्याउन बौद्ध महासभा वा संघायानको आयोजना पनि गरे । बुद्धशासनमा विवाद, विकृति तथा विकार उत्पन्न नहोस् भन्ने यसको अर्को उद्धेश्य थियो । सम्पूर्ण बुद्ध वचनलाई छलफल गरी पुनः शुद्ध गर्ने प्रचलनलाई कायम राखे उनले । प्रथम संघायान, द्वितीय संघायान हुँदै सम्राट अशोकको शासन कालमा आएर तृतीय संगायान गरी त्रिपिटकलाई पूर्णता दिने काम भयो । बौद्ध इतिहाँसमा यो एक महत्वपूर्ण घटना मानिन्छ । यसभन्दा अघि त्रिपिटकको सुत्त पिटक र विनयपिटक मात्र समावेश थियो । तेस्रो संघायानमा अभिधम्म पिटकलाई पनि समेटियो । संघायनपछि उनले बुद्ध धर्मलाई भारतमा मात्र नभई विभिन्न देशहरूमा पनि धर्मदुतहरु पठाई धर्म प्रचार प्रसार गरे । त्यतिमात्र नभई आफ्नो छोरा महेन्द्र र छोरी संघमित्तालाई पनि बुद्धधर्ममा प्रबजित गराए ।

सम्राट अशोक आफ्नो राज्यभिषेकको बीसौं वर्ष ई.पू. २४५ सालमा आफ्नो गुरू मोद्ग्गलिपुत्र तिष्यसँग पाटली पुत्रबाट शाक्यमुनि बुद्धको जन्मस्थान लुम्बिनीको तीर्थयात्रामा आएका थिए । त्यतिखेर उनले लुम्बिनीमा भगवान बुद्धको जन्मस्थान भनेर ब्रम्हलिपीमा शिला स्तम्भसमेत अभिलेख लेखाई अशोक स्तम्भ खडा गरे ।

लुम्बिनीमा हालसमेत रहेको अशोक स्तम्भमा लेखिएको छ, "देवताका प्रिय प्रियदर्शी राजा (अशोक) आफ्नो राज्यभिषेकको बीस वर्षपछि शाक्यमुनि बुद्ध जन्मेको यस ठाउँमा आफै आएर पूजा गरी त्यसैको उपलक्ष्यमा शिला स्तम्भ खडा गर्न लगाई लुम्बिनी गाउँबाट कर मुक्त गरिदिए" । सम्राट अशोकको यो पिलरले बुद्ध जन्मस्थल लुम्बिनी हो भन्ने अकाट्य प्रमाण दिएको छ । त्यसैले अब बुद्ध लुम्बिनीमै जन्मिएका हुन् र त्यो लुम्बिनी नेपालमै पर्दछ भन्ने कुरा विवादको विषय रहेन ।

लामो कालखण्डसम्म बुद्ध जन्मस्थल लुम्बिनी नै हो भन्ने कुरा प्रष्ट हुन सकेको थिएन । सन् १८९६ मा पाल्पाका बडाहाकिम खड्ग शम्शेरको आदेशमा लुम्बिनीमा उत्खनन गरी अशोक स्तम्भ पत्ता लगाइयो । त्यहिबेला जर्मनका पुरातत्वविद् फुहररले अशोक स्तम्भको अभिलेख अध्ययन गरी विश्वसामु परिचित गराए । जुन हालसम्म पनि लुम्बिनी उद्यानमा संरक्षित छन् ।

डेनियल राइटको नेपालको इतिहाँस नामक पुस्तकमा किराती राजा स्थुंगको राज्यकालमा ईशापूर्वको तेस्रो शताब्दीतिर बौद्ध सम्राट अशोक आफ्ना गुरू उपगुप्त, महारानी तिष्यरक्षिता र छोरी राजकुमारी चारूमतिको साथमा नेपाल आएको कुरा उल्लेख छ । पुस्तकमा उनले आफ्नो नाउँमा एउटा शहर अशोकपतन बसालेर यसको चारकुनामा चार ओटा र माझमा एउटा स्तूप पनि बनाएको कुरा उल्लेख छ । साथै अशोकले एउटा विहार पनि स्थापना गरेका थिए । कीर्तिपुरमा पनि एउटा स्तूप बनाएको कुरा उल्लेख छ । सम्राट अशोक उपत्यकामा रहेका बौद्ध महत्वको प्रायः सबैजसो स्थानमा गए । उलने राजकुमारी चारूमतीको विवाह अशोकपतनका राजकुमार देवपालसँग गरिदिए । यही देवपालको नाउँबाट देवपत्तन (द्यौपाटन) को स्थापना भयो । सम्राट अशोकले देवपाललाई देवपत्तनका शासक बनाए, ३६०० रोपनी जग्गा पनि दान दिए ।

चारूमतीले देवपत्तनमा विहार बनाइन्, जुन उनकै नाउँबाट चारूमती विहार (स्थानीय बोली-चाबहिल) भनियो । पाको उमेरका भएपछि देवपाल र चारूमती दुवैले प्रव्रजित जीवन बिताए । त्यसलाई पुष्ट्याउने ऐतिहासिक श्रोतको अभाव छ भन्ने कुरामा बहुल इतिहासकारहरु एकमत छन् । भलै अशोकको धर्मयात्रा नेपाल उपत्यकामा नभए पनि हिमवन्त खण्डमा बुद्धशासन प्रचारार्थ आएकाहरूले उपत्यकामा चैत्य-स्तूपादि स्थापना गरी थेरवादी बुद्धधर्मको जरो बसाल्न सघाए भन्ने कुरा इतिहाससम्मत नै ठहरिन्छ ।

गोपाल र महिसपाल वंशीलहरूको स्थान पालुङ लिस्थुङमा पनि अशोककालीन स्तुपहरु प्राप्त भएका छन् । त्यसैले सम्राट अशोक उक्त स्थानमा पनि आएको हुनसक्ने अनुमान लगाउन सकिन्छ । दीर्घनिकायको अठ्ठकथामा सम्राट अशोक बुद्धको अष्टधातुको खोजीमा रामग्राम आएको कुरा उल्लेख छ । तर त्यससमय नागहरूले धातुको रक्षा गरी अशोकबाट सुरक्षा गरेको कुरा पनि उल्ल्ेख छ । यस कुरालाई चौथो शताब्दीको दीपवंश र पाँचौँ शताब्दीको महाँवंशमा पनि उल्ल्ेख गरिएको छ । फासियानको यात्रा वृत्तान्तमा पनि यो कुरा उल्लेख छ ।

निग्लिहवामा रहेको स्तम्भको शीलालेख अनुसार राज्याभिशेखको १४औँ वर्ष र २० औँ वर्षमा पनि सम्राट अशोकको आगमन भएको कुरा उल्लेख छ । उनी २० औँ वर्षमा आएको कुरा लुम्बिनीको अशोक स्तम्भमा पनि उल्लेख गरिएको छ । यतिमात्र होइन उनले मायादेवी मन्दिरको छेवैँमा चैत्य बनाएका र सोमा सुनको भाँडामा अस्तु राखिएको कुरा पनि उल्लेख छ । यसरी सम्राट अशोकले युद्ध छोडेर बुद्धका पाइलाहरु पछ्याउँदै लुम्बिनीसम्म आइपुगे र लुम्बिनीमा अशोक स्तम्भ निर्माण गराए । आज पनि लुम्बिनी बुद्धजन्मस्थल हो भन्ने कुरा अकाट्य प्रमाणको रूपमा स्तम्भ भई खडा भएको छ ।

ecosuraj@gmail.com

# यार्सागुम्बाको बढ्दो माग र घट्दो निर्यात



● विश्वनाथ खरेल

नेपाल प्राकृतिक स्रोत साधनले भरिपूर्ण राष्ट्र हो । यहाँ अनेकौँ बहुमूल्य जडिबुटीहरु उत्पादन गर्दै आएको छ । जसमा भन्ने नै हो भने यार्सागुम्बा सबैभन्दा मूल्यवान र चर्चित जडिबुटीको रूपमा चिनिन्छ । यो एक प्रकारको परजीवी कवक पनि हो । जुन उच्च हिमाली क्षेत्रका विभिन्न भागहरूमा पाइन्छ । यसलाई हिमाली सुन तथा जीवित औषधि वा जङ्गलको भियाग्रा भन्ने उपनामले पनि चिनिन्छ । यसको उपयोग परम्परागत चिनियाँ र तिब्बती चिकित्सा प्रणालीमा शारीरिक क्षमता वृद्धि, रोग प्रतिरोधात्मक शक्ति मजबुत पार्ने, यौनशक्ति वृद्धिमा सहयोग गर्नेलगायतका बहुउपयोगका कारण अत्यन्तै महँगो दरमा बिक्री हुने गर्छ । फलतः पछिल्लो दशकमा यार्सागुम्बाको माग विश्वव्यापी रूपमा तीव्ररूपमा बढ्दो छ । यसलाई विशेष गरी चीन, हङकङ, कोरिया, थाइल्यान्ड र जापानजस्ता देशहरूमा अतिमहत्वपूर्ण औषधिको रूपमा मानिएको छ । यद्यपि, नेपालमा यसको निर्यात भने हरेक वर्ष घट्दो क्रममा देखिएको छ । जसले गर्दा यार्सागुम्बाको यो विडम्बनापूर्ण यथार्थले नेपाललाई आर्थिकरूपमा ठूलो क्षति पुऱ्याइरहेको छ । यस अर्थमा यार्सागुम्बाको माग किन बढ्दो छ भन्ने निर्यात किन घट्दो छ भन्ने, त्यसका निहित कारणहरु, चुनौतीहरु र समाधानका उपायबारे विश्लेषण गरिएको छ ।

मुलुक प्राकृतिक सम्पदा र जैविक विविधताले भरिपूर्ण धनी देश पनि हो । यहाँ पाइने बहुमूल्य जडीबुटीहरूमध्ये यार्सागुम्बा एक अद्वितीय र महत्वपूर्ण वनस्पति पनि हो । यो विशेष प्रकारको च्याउ र लार्भाको संयोजनमा बन्ने हुन्छ । जुन हिमालको उच्च भेगमा पाइन्छ । यो यार्सागुम्बालाई विश्व बजारमा एक शक्तिशाली औषधीय गुण भएको वस्तुको रूपमा लिइन्छ र यसको माग दिन प्रतिदिन बढ्दो छ । तर विडम्बनाको कुरा के छ भने माग बढ्दै गए पनि नेपालबाट यसको निर्यात निरन्तर घटिरहेको छ । यो विरोधाभासपूर्ण अवस्थाले राष्ट्रको अर्थतन्त्र, वातावरण र स्थानीय समुदायमा गम्भीर असर पारेको छ । वस्तुतः देशको हिमाली क्षेत्रका बासिन्दाका लागि यार्सागुम्बा आयस्रोतको एक महत्वपूर्ण माध्यम बनेको छ । प्रत्येक वर्ष वसन्त ऋतुमा मानिसहरु उच्च पहाडी भेगमा गएर यार्सागुम्बा संकलन गर्छन् । यसबाट प्राप्त हुने आम्दानीले उनीहरूको जीवनस्तर सुधार गर्न ठूलो मद्दत पुऱ्याएको छ । यसको अलवा अन्तर्राष्ट्रिय बजारमा यसको उच्च मूल्यका कारण यसले राष्ट्रिय अर्थतन्त्रमा पनि योगदान पुऱ्याएको छ । यो पारम्परिक चिकित्सा प्रणालीमा यार्सागुम्बालाई एक शक्तिशाली टनिकको रूपमा प्रयोग गरिन्छ । यसलाई यौन दुर्बलता, कमजोरी, रोग प्रतिरोधात्मक क्षमता बढाउन र बुढ्यौलीको प्रभाव कम गर्न प्रयोग गरिन्छ । यसको साथै आधुनिक वैज्ञानिक अनुसन्धानले पनि यसमा विभिन्न औषधीय गुणहरु रहेको पुष्टि गरेको छ । यसमा कर्डिसेपिन, पोलिस्याकराइड्स, एडेनोसिनजस्ता सक्रिय यौगिकहरु पाइन्छन्, जसले स्वास्थ्यमा सकारात्मक प्रभाव पार्छन् ।

हाम्रो देशमा यार्सागुम्बा प्रायः तीन हजार पाँच सय मिटरदेखि पाँच हजार पाँच सय मिटर उचाइका उच्च हिमाली क्षेत्रहरूमा पाइन्छ । यो विशेषतः डोल्पा, मुगु, हुम्ला, दार्चुला, बाजुरा, मनाङ, मुस्ताङ, रोल्पा, भोजपुर, संखुवासभा आदि जिल्लाहरूमा यसको उत्पादन अधिक हुने गर्छ । यो वर्षको एक पटक वैशाखदेखि असार महिनासम्म यार्सागुम्बा संकलन गर्ने समय हुन्छ । यस अवधिमा स्थानीय बासिन्दाहरु, विशेषगरी कृषक र गरिब वर्गका मानिसहरु, उचाइमा गएर हप्तौँसम्म डेरामा बस्दै यार्सागुम्बा टिप्ने गर्छन् । यो क्रम अहिले नेपालमा वैकल्पिक आय स्रोतको रूपमा विकास हुँदै गएको छ । यसर्थ, यार्सागुम्बाको औषधीय गुणका कारण यसको मूल्य दिनदिनै बढ्दोरूपमा रहेको छ । यो औषधीय गुणका कारण चिनियाँ परम्परागत चिकित्सा प्रणालीमा यसलाई स्वास्थ्यवर्धक, ऊर्जा अभिवृद्धि गर्ने, रोग प्रतिरोधी क्षमता बढाउने र यौनशक्ति वृद्धि गर्ने औषधिका रूपमा लिइन्छ । यस्तै, गुणका कारण यो चीन, सिङ्गापुर, कोरिया, जापान, अमेरिका, युरोपजस्ता विकसित मुलुकमा ठूलो मात्रामा प्रयोग गरिन्छ । जसलाई सन् २०१० पछिको दशकमा यार्सागुम्बाको मागमा झनै तीव्र वृद्धि देखिएको छ । एक किलो उच्च गुणस्तरको यार्सागुम्बाको मूल्य अन्तर्राष्ट्रिय बजारमा २० लाख रूपैयाँदेखि ५० लाख रूपैयाँसम्म पर्न सक्छ । यसलाई कतिपय अवस्थामा त अझै बढी मूल्यमा पनि बिक्री हुने गरेको छ । यसको साथै यार्सागुम्बाको माग उच्च हुँदै जाँदा पनि नेपालबाट यसको निर्यात दर भने प्रत्येक वर्ष घट्दो दरमा रहेको छ । जबकि व्यापार तथा आपूर्ति मन्त्रालयको तथ्याङ्कअनुसार २०६८/०६९ मा चार सय किलोभन्दा बढी यार्सागुम्बा निर्यात गरिएको थियो भने पछिल्ला वर्षमा यो संख्या घटेर एक सय किलोभन्दा कममा सीमित भएको छ । यस्तो घट्दो निर्यातको प्रमुख कारणहरु निम्न रहेका छन् ।

अवैध तस्करीः नेपालमा यार्सागुम्बाको ठूलो हिस्सा कानुनी प्रक्रियाबाट नभई अवैधरूपमा तिब्बत (चीन) हुँदै बाहिरिन्छ । यसको साथसाथै सीमावर्ती क्षेत्रमा रहेका तस्कर समूहहरु यार्सागुम्बा संकलनकर्ताहरूसँग मिलेर सस्तोमा खरिद गर्छन् र तिब्बत हुँदै चीनमा उच्च मूल्यमा बिक्री गर्छन् । यस्तो प्रक्रियामा राज्यलाई कर र राजस्व शून्य बराबर हुन्छ ।

कानुनी अन्योलता र प्रशासनिक अव्यवस्थाः यार्सागुम्बा संकलन, बिक्री तथा निर्यातसम्बन्धी कानुनहरु अस्पष्ट, जटिल र व्यवहारमैत्री छैनन् । जसलेगर्दा जडिबुटी ऐन तथा वन ऐनले यार्सागुम्बाको व्यापारलाई जटिल बनाइदिएको छ । जसमा वन कार्यालय, जिल्ला प्रशासन, भन्सार कार्यालयबीच समन्वयको अभावले गर्दा व्यापारीहरु कानुनी बाटो अपनाउन हिच्किचाउँछन् ।

गुणस्तर परीक्षणको अभावः नेपालमा यार्सागुम्बाको गुणस्तर प्रमाणीकरण गर्ने भरपर्दो प्रयोगशाला छैन । जसमा भन्ने नै हो भने अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्न यार्साको गुणस्तर प्रमाणीकरण अत्यावश्यक हुन्छ । तर नेपालमा यस्तो व्यवस्था नगरेकाले विदेशी व्यापारीहरु चीन वा तिब्बतबाट खरिद गर्न रूचाउँछन् ।

चिस्यान, भण्डारण र ढुवानी समस्याः यार्सागुम्बा संवेदनशील जडिबुटी भएकाले उचित चिस्यानमा राख्नुपर्ने हुन्छ । नेपालमा चिस्यान, प्याकेजिङ र ढुवानीको प्रविधिमा व्यापक कमी रहेको छ । जसका कारण निर्यातयोग्य यार्सागुम्बाको गुणस्तर घट्ने गर्छ ।

अन्तर्राष्ट्रिय कूटनीतिक पहुँचको अभावः नेपालले यार्सागुम्बालाई औपचारिकरूपमा अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्न सकेको छैन । न त व्यापार मेलाहरूमा भाग लिएको छ, न त ब्रान्डिङ गरेको छ । चीन वा भुटानजस्ता देशले भने आफ्नो यार्सागुम्बाको ब्रान्डिङ गरेर बजारमा सशक्त उपस्थिति जनाएका छन् ।

निष्कर्षमा भन्नुपर्दा यार्सागुम्बाको बढ्दो मागलाई सम्बोधन गर्न र घट्दो निर्यातलाई रोक्नका लागि नेपाल सरकार, स्थानीय समुदाय र सरोकारवाला निकायले समन्वितरूपमा कार्य गर्नुपर्ने आवश्यकता छ । यसर्थ, यार्सागुम्बा नेपालको एक अमूल्य प्राकृतिक सम्पत्ति पनि हो । यसको बढ्दो अन्तर्राष्ट्रिय मागले मुलुकको आर्थिक समृद्धिमा ठूलो योगदान पुऱ्याउन सक्छ । तर हालको अवस्था हेर्दा निर्यात घट्दो छ, तस्करी बढ्दो छ र राज्यको आम्दानी न्यून रहेको छ । यस अवस्थामा यार्सागुम्बाको दीगो उपयोग, व्यावसायिक उत्पादन, गुणस्तर प्रमाणीकरण र कानुनी सुधारको माध्यमबाट मात्र राष्ट्रले यसबाट लाभ लिन सक्छ । यदि सरकारले यसको संरक्षण, वैज्ञानिक व्यवस्थापन र व्यापारिक दृष्टिकोणलाई सन्तुलितरूपमा अगाडि बढाउन सकेमा, यार्सागुम्बा नेपालका लागि हरियो सुन मात्र नभई, सुनौलो भविष्यको सुनिश्चितता बन्न सक्छ । अतः यार्सागुम्बा मुलुकको एक बहुमूल्य प्राकृतिक सम्पदा पनि हो । जसको विश्व बजारमा माग निरन्तर बढिरहेको छ । तर अवैज्ञानिक संकलन, जलवायु परिवर्तन, प्रभावकारी नीतिको अभाव र अवैध व्यापारका कारण यसको निर्यात घट्दो क्रममा छ । यो अवस्थाले राष्ट्रको अर्थतन्त्र, वातावरण र स्थानीय समुदायमा गम्भीर नकारात्मक प्रभाव पारेको छ । यदि यसको दिगो व्यवस्थापन र संरक्षणका लागि तत्काल प्रभावकारी कदम चालिएन भने यो बहुमूल्य जडीबुटी लोप हुने खतरा बढ्दै जानेछ । त्यसैले सरकार, स्थानीय समुदाय र सरोकारवाला सबै पक्ष मिलेर यार्सागुम्बाको संरक्षण र दिगो उपयोगका लागि ठोस योजनाहरु कार्यान्वयन गर्नुपर्ने आजको आवश्यकता पनि हो । यसबाट न केवल नेपालले आर्थिक लाभ लिन सक्नेछ, बरू भावी पुस्ताका लागि यो अनमोल सम्पदालाई सुरक्षित राख्न पनि मद्दत पुग्नेछ ।

# भारतले रोक्यो चेनाव नदीको पानी

इस्लामाबाद, वैशाख २३ । भारतले जम्मू कश्मीरको चेनाब नदीमा सियाल र बगलिहार बाँधका ढोकाहरु बन्द गरेको छ । यसका कारण पाकिस्तान जाने चेनाब नदीको पानीको बहाव रोकिएको छ र पानीको सतह १५ फिटमा झरेको छ ।

पाकिस्तानमा चेनाब नदीको पानीको सतह २२ फिट थियो जुन २४ घण्टामा सात फिटले घटेको भारतीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् । चेनाब नदीको निरन्तर संकुचनका कारण, पञ्जाबका २४ महत्वपूर्ण सहरका तीन करोडभन्दा बढी मानिसहरूले चार दिनपछि पिउने पानीको अभाव हुनसक्छ ।

पाकिस्तानका फैसलाबाद र हाफिजाबादजस्ता घना बसोबास भएका सहरहरूको ८० प्रतिशत जनसंख्या पिउने पानीको लागि चेनाबको सतहको पानीमा निर्भर छन् । सिन्धु जल प्राधिकरणले भारतको यो कदमले खरीफ बालीका लागि पानीमा २१ प्रतिशत कमी आउने चिन्ता व्यक्त गरेको थियो । पाकिस्तानी संसद्ले यसलाई युद्ध छेड्ने कार्यको रूपमा वर्णन गरेको छ ।

# इजरायली हवाई आक्रमणले यमनको विमानस्थल र विद्युत् केन्द्रमा क्षति

यमन, वैशाख २३ । इजरायली लडाकु विमानहरूले मंगलबार यमनको राजधानी सानास्थित मुख्य विमानस्थल र विद्युत् केन्द्रहरूमा आक्रमण गरेको हो, जसलाई इरान समर्थित हूथी विद्रोहीहरूले पछिल्लो मिसाइल आक्रमणको जवाफी कारवाही मानेका छन् ।

हूथी सञ्चालित मिडिया र इजरायली सेनाले दिएको जानकारीअनुसार सानाको मुख्य विमानस्थल र राजधानीवरपरका केन्द्रीय विद्युत् केन्द्रहरु आक्रमणको निशाना बनेका हुन् ।

एएफपीका संवाददाताहरूले विद्रोही नियन्त्रणमा रहेको साना सहरमा थुप्रै विस्फोटको आवाज सुनेका र विमानस्थलसहितका स्थानहरूबाट धुवाँको मुस्लो देखिएको बताएका छन् ।

इजरायली सेनाले विज्ञप्ति जारी गर्दै भनेको छ, 'हामीले सानास्थित मुख्य विमानस्थलमा रहेको हूथी आतङ्ककारी पूर्वाधारहरूमा आक्रमण गरेका छौँ, साथै राजधानी क्षेत्रमा अवस्थित थुप्रै केन्द्रीय विद्युत् केन्द्रहरूलाई पनि क्षति पुऱ्याएका छौँ ।'

यसअघि सोमबारको आक्रमणमा होडैदाको सिमेन्ट कारखाना र प्रमुख बन्दरगाहमा हवाई हमला हुँदा कम्तीमा चार जनाको ज्यान गएको र ३५ जना घाइते भएको हूथी स्रोतहरूले जनाएका छन् । हूथी मिडियाका अनुसार मङ्गलबारका आक्रमणले सानाको विमानस्थल, तीनवटा विद्युत केन्द्र तथा अमरानस्थित सिमेन्ट कारखाना लक्षित गरेका थिए । यी आक्रमणहरु आइतबार इजरायलको मुख्य विमानस्थलमा भएको हूथी मिसाइल आक्रमणपछि भएका हुन् ।

इजरायली सेनाले मङ्गलबारको आक्रमणअघि यमनी नागरिकहरूलाई तुरुन्त विमानस्थल खाली गर्न र सुरक्षित दूरीमा बस्न चेतावनी दिएको थियो । इजरायली प्रवक्ता अविचाय अड्राईले एक्समा अरबी भाषामा पोस्ट गर्दै भने, 'विमानस्थल नछाड्दा तपाईं जोखिममा पर्न सक्नुहुन्छ ।'

गाजामा इजरायलले सैन्य अभियान विस्तार गर्ने योजना तथा स्थानीय बासिन्दाहरूको स्थानान्तरणको तयारीका कारण क्षेत्रीय तनाव पुनः चुलिएको अवस्थामा यी घटनाहरु भएका हुन् । हूथीहरूले पछिल्ला आक्रमणको दोष इजरायल र अमेरिका दुवैलाई दिएको भए पनि सोमबारको आक्रमणमा अमेरिका संलग्न नरहेको एक अमेरिकी अधिकारीले बताएको छ ।

---

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय कैलाली**
धनगढी

## सिलवन्दी डांक बढाबढी द्वारा लिलाम बिक्री सम्बन्धि सूचना

**(पहिलो पटक सूचना प्रकाशित मिति : २०८२/०१/२२)**

यस डिभिजन बन कार्यालयको पूरानो २ तले ४ कोठे टिनको छाना भएको स.ब.र. भवन पानी चुहिने भई उक्त भवन भत्काउन र काठको टिनको छाना पटराको भित्ता भएको ४ कोठे भवन घर सहित हटाउन श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय धनगढी कैलालीको च.नं. ६१५ मिति २०८१।११।१५ र च.नं. ६१७ मिति २०८१।११।१५ गतेको जिन्सी मालसामान लिलाम बिक्रीको लागी स्वीकृति भई यस कार्यालयका वरिष्ठ वन अधिकृत समिर थापा र ईन्जिनियर रोहित अधिकारीबाट उक्त भवनको प्राविधिक प्रतिवेदन माग गरिएकोले निजहरुको मिति २०८२।०१।१५ गतेको प्राप्त प्रतिवेदन अनुसार मुल्यांकन गर्दा तपसिल वमोजिमको मुल्यांकन गरी उक्त भवनको सामाग्रीहरु जे जस्तो अबस्थामा छ सोही अबस्थामा सिलवन्दी दरभाउपत्र गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनि एवं सर्वसाधारणको जानकारीको लागी यो २१ (एकाईस) दिने सूचना प्रकासित गरिएको छ ।

**तपसिल**

| सि.नं. | लिलाम हुने मालसामानको तथा जिन्सी मालसामान | स्पेसिफिकेशन | परिमाण | ह्रासकट्टी पश्चात हुन आउने रकम |
|---|---|---|---|---|
| १ | २ तले चार कोठे टिनको छाना भएको भवन | ७४८।८९ वर्ग फिट मुल्य प्रति ईकाई रु १०००।०० कुल न्यनतम रकम रु.७४८८९६।० | १(एक) | ३,३२,२१७।०० |
| २ | पूरानो घर टिनको छाना भएको काठको भित्ता भएको ४ कोठे काठको घर | सि.नं.१ देखि १५ सम्म, जम्मा कुल आयतन ६६३।१६४ | १(एक) | ६६३१६४।०० |
| | | सि.नं.१६ देखि १८ सम्म, कुल जम्मा | | ९२७५।०० |
| | | जम्मा | | ६७२४३९।०० |
| | | कूल जम्मा | | १०,०४,६५६।०० |

**सर्तहरु :**

१) सिलवन्दी दरभाउ पत्र डि.व.का. कैलालीको कोड नं. ३०७०२७७०२७ रा.वा.बैक राजस्व खाता शिर्षक नं.१४२२९ मा रु. २०००।- फिर्ता नहुने गरी खरिद गर्नु पर्ने छ ।
२) सिलवन्दी दरभाउ पत्र दाखिला हुने स्थान : डिभिजन वन कार्यालय कैलाली धनगढी ।
सिलवन्दी दरभाउ पत्र दाखिला हुने मिति : २०८२।०२।११ गते सांझ ५:०० बजे सम्म ।
३) सिलवन्दी दाउभाउ पत्र पेश गर्ने व्यक्ति वा संघ संस्था तथा फर्मका प्रतिनिधिले सो सुचना प्रकाशित भएको मितिले २२ औ दिन मिति २०८२।२।१२ को २:०० भित्र सिलवन्दी दाउपत्र दर्ता गराउनु पर्ने छ ।
४) यसरी उक्त समयमा दर्ता हुन आएका सिलवन्दी दरभाउ पत्र मिति २०८१।२।१२ गते ४:०० बजे खोलिने छ ।
५) सिलवन्दी दाउपत्र पेश गर्दा सकार गरेको न्यूनतम मुल्यको १०% ले हुन आउने धरौटी रकम प्रदेश लेखा नियन्त्रक कार्यालय धनगढीको हि.नं. ४१७१००२०२०३०००० मा धरौटी जम्मा गर्नुपर्ने छ ।
६) सिलवन्दी दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित हुनेछ ।
७) सिलवन्दी दरभाउ पत्र स्विकृत भएको जानकारी पाएको १० दिन भित्र सकार रकम तथा सम्पूर्ण लाग्ने कर बैक दाखिला गरी सोको सक्कलै भौचर यस कार्यालयमा पेश गरी आफनै खर्चमा जिन्सी मालसामान उठाई लैजानु पर्नेछ ।
८) अन्य आवश्यक जानकारीको लागी कार्यालय समयमा यस डि.व.का.मा सम्पर्क राख्न सकिने छ ।

---

## ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०१/२४ गते

यस माछापुच्छ्रे बैंक लि. धनगढी शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको साँवा, व्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा व्याज, थप व्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले पैंतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ । उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटरको नाम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न विशेष अनुरोध गरिन्छ ।

**तपसिल**

**ऋणीको नाम, ठेगाना**

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको **रोकाया किराना पसल ।**
प्रा.फ.र.नं. ५७५/०७१/०७२ (स्था. व्या.), दर्ता मिति : २०७२/०१/०८, पान नं. ६०३१५९९४१, दर्ता मिति : २०७२/०१/०८
ठेगाना : कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ९, **प्रोप्राईटर : टेक वहादुर रोकाया**

**व्यक्तिगत जमानतकर्ताहरू**

| | |
|---|---|
| **१. टेक वहादुर रोकाया**<br>ना.प्र.नं. २१६/०४४, जि.प्र.का. कञ्चनपुर<br>जारी मिति : २०५९/०२/०१<br>बाबु : जय बहादुर रोकाया<br>बाजे : कल्वा रोकाया<br>ठेगाना : कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स. वडा नं. ७ | **२. रिया रोकाया**<br>ना.प्र.नं. १६१९९७, जि.प्र.का. कञ्चनपुर<br>जारी मिति : २०६१/०५/२०<br>बाबु : राम बहादुर थापा<br>पति : टेक बहादुर रोकाया, ससुरा : जय बहादुर रोकाया<br>ठेगाना : कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स. वडा नं. ७ |

**धितोमा रहेको सम्पतिको विवरण**

१. जय बहादुर रोकायाको बुहारी, टेक बहादुर रोकायाको पत्नी, कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स. वडा नं. ७ बस्ने रिया रोकायाको नाममा मालपोत कार्यालय कञ्चनपुरमा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स. वडा नं. २ स्थित कि.नं. ३७० को क्षेत्रफल १७०.०० (व.मि.) बमोजिमको घर जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
२. ऋणी रोकाया किराना पसलले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

**माछापुच्छ्रे बैंक**
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, धनगढी

---

## धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको २१ दिने सूचना

प्रकाशित मिति : २०८२/०१/२४ गते

यस माछापुच्छ्रे बैंक लि. तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा ऋणीहरुले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईसौं) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाईसौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी/संचालक/प्रोप्राइटर तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी/संचालक/प्रोप्राइटर तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न समेत विशेष अनुरोध गरिन्छ ।

**तपसिल**

**शाखा कार्यालय : मिर्चैया**

**ऋणीको नाम, ठेगाना**

| | | |
|---|---|---|
| १. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय लाहान, सिरहामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम रहेको **धमिनी ईटा उद्योग ।**<br>दर्ता नं. ३४७८/८०, दर्ता मिति : २०६१/०९/२३, पान नं. ६०२७४०८३०, दर्ता मिति : २०७१/०८/०५<br>ठेगाना : सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. २,<br>**प्रोप्राइटर : देव कुमार श्रेष्ठ** | २. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय लाहान, सिरहामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम रहेको **श्रेष्ठ कन्स्ट्रक्सन ।**<br>दर्ता नं. ८०१४/०७४/७५, दर्ता मिति : २०७४/११/०३, पान नं. ६०५४४१४२८, दर्ता मिति : २०७३/०८/०६<br>ठेगाना : सिरहा जिल्ला, चन्द्रअयोध्यापुर वडा नं. १<br>**प्रोप्राइटर : सुमित श्रेष्ठ** | ३. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय लाहान, सिरहामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम रहेको **श्री धमिनी सप्लायर्स एण्ड ट्रेडर्स ।**<br>दर्ता नं. ५९११/०७३/७४, दर्ता मिति : २०७३/०८/०६<br>पान नं. ६०५४४१४२८, दर्ता मिति : २०७३/०८/०६<br>ठेगाना : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७<br>**प्रोप्राइटर : सुमित श्रेष्ठ** |
| **४. प्रदिप कुमार श्रेष्ठ**<br>ना.प्र.नं. २३२, जि.प्र.का. सिरहा<br>जारी मिति : २०५५/०८/१६<br>बाबु : हरी बहादुर श्रेष्ठ, बाजे : छत्र बहादुर श्रेष्ठ<br>ठेगाना : सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. २<br>हाल : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७ | **५. देव कुमार श्रेष्ठ**<br>ना.प्र.नं. २३४, जि.प्र.का. सिरहा<br>जारी मिति : २०६०/०८/२२<br>बाबु : हरी बहादुर श्रेष्ठ, बाजे : छत्र बहादुर श्रेष्ठ<br>ठेगाना : सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. २<br>हाल : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७ | **६. श्याम कुमार श्रेष्ठ**<br>ना.प्र.नं. ३७२/१०७८, जि.प्र.का. सिरहा<br>जारी मिति : २०४२/०४/२५<br>बाबु : छत्र बहादुर श्रेष्ठ, बाजे : कृष्ण श्रेष्ठ<br>ठेगाना : सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. २<br>हाल : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७ |
| **७. सुमित श्रेष्ठ**<br>ना.प्र.नं. १५१०६९/१०६५७, जि.प्र.का. सिरहा<br>जारी मिति : २०६८/०१/०६<br>बाबु : श्याम कुमार श्रेष्ठ, बाजे : छत्र बहादुर श्रेष्ठ<br>ठेगाना : सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. २<br>हाल : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७ | **८. राम बहादुर श्रेष्ठ**<br>ना.प्र.नं. १८६२१५५५, जि.प्र.का. सिरहा<br>जारी मिति : २०४२/०४/२७<br>बाबु : छत्र बहादुर श्रेष्ठ, बाजे : कृष्ण श्रेष्ठ<br>ठेगाना : सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. ६<br>हाल : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७ | **९. भुवन कुमार श्रेष्ठ**<br>ना.प्र.नं. १५१०६९/१२९६०, जि.प्र.का. सिरहा<br>जारी मिति : २०६८/०३/१६<br>बाबु : राम बहादुर श्रेष्ठ, बाजे : छत्र बहादुर श्रेष्ठ<br>ठेगाना : सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. २<br>हाल : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७ |

**व्यक्तिगत जमानतकर्ताहरू**

| | | |
|---|---|---|
| **१. देव कुमार श्रेष्ठ**<br>ना.प्र.नं. २३४, जि.प्र.का. सिरहा<br>जारी मिति : २०६०/०८/२२<br>बाबु : हरी बहादुर श्रेष्ठ, बाजे : छत्र बहादुर श्रेष्ठ<br>ठेगाना : सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. २<br>हाल : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७ | **२. प्रदिप कुमार श्रेष्ठ**<br>ना.प्र.नं. २३२, जि.प्र.का. सिरहा<br>जारी मिति : २०५५/०८/१६<br>बाबु : हरी बहादुर श्रेष्ठ, बाजे : छत्र बहादुर श्रेष्ठ<br>ठेगाना : सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. २<br>हाल : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७ | **३. श्याम कुमार श्रेष्ठ**<br>ना.प्र.नं. ३७२/१०७८, जि.प्र.का. सिरहा<br>जारी मिति : २०४२/०४/२५<br>बाबु : छत्र बहादुर श्रेष्ठ, बाजे : कृष्ण श्रेष्ठ<br>ठेगाना : सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. २<br>हाल : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७ |
| **४. राम बहादुर श्रेष्ठ**<br>ना.प्र.नं. १८६२१५५५, जि.प्र.का. सिरहा<br>जारी मिति : २०४२/०४/२७<br>बाबु : छत्र बहादुर श्रेष्ठ, बाजे : कृष्ण श्रेष्ठ<br>ठेगाना : सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. २<br>हाल : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७ | **५. जित माया श्रेष्ठ**<br>ना.प्र.नं. ७९८, जि.प्र.का. सिरहा<br>जारी मिति : २०४४/१२/१८<br>बाबु : लधुमन श्रेष्ठ<br>पति : हरी बहादुर श्रेष्ठ, ससुरा : छत्र बहादुर श्रेष्ठ<br>ठेगाना : सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. २<br>हाल : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७ | **६. सुनिता श्रेष्ठ**<br>ना.प्र.नं. ७१४३४०२५, जि.का. सर्लाही<br>जारी मिति : २०४०/१२/१२<br>बाबु : बद्रीमान श्रेष्ठ<br>पति : श्याम कुमार श्रेष्ठ, ससुरा : छत्र बहादुर श्रेष्ठ<br>ठेगाना : सर्लाही जिल्ला, मलंगवा गा.वि.स. वडा नं. ९<br>हाल : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७ |
| **७. कृष्ण देवी श्रेष्ठ**<br>ना.प्र.नं. १६६२२९४५, जि.प्र.का. सिरहा<br>जारी मिति : २०५८/०९/२२<br>बाबु : लक्ष्मण श्रेष्ठ<br>पति : राम बहादुर श्रेष्ठ, ससुरा : छत्र बहादुर श्रेष्ठ<br>ठेगाना : सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. २<br>हाल : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७ | **८. सुमित श्रेष्ठ**<br>ना.प्र.नं. १५१०६९/१०६५७, जि.प्र.का. सिरहा<br>जारी मिति : २०६८/०१/०६<br>बाबु : श्याम कुमार श्रेष्ठ<br>बाजे : छत्र बहादुर श्रेष्ठ<br>ठेगाना : सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. २<br>हाल : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७ | **९. भुवन कुमार श्रेष्ठ**<br>ना.प्र.नं. १५१०६९/१२९६०, जि.प्र.का. सिरहा<br>जारी मिति : २०६८/०३/१६<br>बाबु : राम बहादुर श्रेष्ठ, बाजे : छत्र बहादुर श्रेष्ठ<br>ठेगाना : सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. २<br>हाल : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७ |

**धितोमा रहेको सम्पतिको विवरण**

१. छत्र बहादुर श्रेष्ठको बुहारी, हरी बहादुर श्रेष्ठको पत्नि, सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७ बस्ने जित माया श्रेष्ठ, कृष्ण श्रेष्ठको नाति, छत्र बहादुर श्रेष्ठको छोरा, सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७ बस्ने राम बहादुर श्रेष्ठ र कृष्ण श्रेष्ठको नाति, छत्र बहादुर श्रेष्ठको छोरा, सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७ बस्ने श्याम कुमार श्रेष्ठको संयुक्त नाममा मालपोत कार्यालय सिरहामा दर्ता कायम भएको सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. १ स्थित कि.नं. ५४ को क्षेत्रफल ०-१७-१८-० (बि.क.धु.क.) तथा सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. २ स्थित कि.नं. २१४ को क्षेत्रफल ०-३-५.५-० (बि.क.धु.क.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
२. धनी यस माछापुच्छ्रे बैंक र धमिनी ईटा उद्योग, श्रेष्ठ कन्स्ट्रक्सन र धमिनी सप्लायर्स एण्ड ट्रेडर्सको नाममा धितो सुरक्षण वापत रहेको निम्न बमोजिमका सवारी साधनहरु:
- मोडल नं. Kia Seltos HTK+, दर्ता नं. बागमती प्रदेश ०१ ०२७ च ८२४७, इन्जिन नं. G4FLMV264318, च्यासिस नं. MZBEP812LNN367311, सवारीको रङ्ग : Gravity Grey
- मोडल नं. TATANEXON XZ+, दर्ता नं. बागमती प्रदेश ०१ ०२५ च १७०६, इन्जिन नं. 1.5CRAIL01AZXW00126, च्यासिस नं. MAT627162LLA00462 सवारीको रङ्ग : Calgary White
- मोडल नं. JCB 3dx Super Backhoe Loader, दर्ता नं. प्रदेश ०२-०२-००१ क ०२६७, इन्जिन नं. H00235118, च्यासिस नं. 2720109, सवारीको रङ्ग : Yellow

३. ऋणीहरु धमिनी ईटा उद्योग, श्रेष्ठ कन्स्ट्रक्सन र धमिनी सप्लायर्स एण्ड ट्रेडर्सले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

**शाखा कार्यालय : नक्साल**

**ऋणीको नाम, ठेगाना**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा १ बमोजिम दर्ता कायम भएको **सेक्युर मल्टीपर्पोज कम्पनी प्रा.लि. ।**
दर्ता नं. १४२१८१/०७२/०७३, दर्ता मिति : २०७२/०८/१५, पान नं. ६०३५६२२३१, दर्ता मिति : २०७२/०९/२३
ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३५, कोटेश्वर, **संचालक/शेयरधनी/प्रोप्राइटर : शहनशिला ढकाल**

**व्यक्तिगत जमानतकर्ताहरू**

| | |
|---|---|
| **१. शहनशिला ढकाल**<br>ना.प्र.नं. १२४८, जि.प्र.का. मकवानपुर<br>जारी मिति : २०४४/११/१३<br>बाबु : खेमराज ढकाल<br>पति : हरी प्रसाद रिमाल, ससुरा : लक्ष्मी कान्त रिमाल<br>ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा न.पा./गा.पा. वडा नं. ११ | **२. हरी प्रसाद रिमाल**<br>ना.प्र.नं. १७०५९(नुवाकोट), जि.प्र.का. मकवानपुर<br>जारी मिति : २०४४/११/१०<br>बाबु : लक्ष्मी कान्त रिमाल, बाजे : राधाकृष्ण रिमाल<br>ठेगाना : नुवाकोट जिल्ला, खड्ग भञ्ज्याङ्ग गा.वि.स./गा.पा. वडा नं. २ |

**धितोमा रहेको सम्पतिको विवरण**

१. राधाकृष्ण रिमालको नाति, लक्ष्मी कान्त रिमालको छोरा, नुवाकोट जिल्ला, खड्ग भञ्ज्याङ्ग गा.वि.स./गा.पा. वडा नं. २ बस्ने हरी प्रसाद रिमालको नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता कायम भएको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ४ स्थित कि.नं. ६९४२ र ७३८० को क्षेत्रफल क्रमशः ०-०-६.२५-० (बिगाहा) र ०-०-७.२५-० (बिगाहा) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
२. सेक्युर मल्टीपर्पोज कम्पनी प्रा.लि. को नाममा मालपोत कार्यालय महेन्द्रनगर, कञ्चनपुरमा दर्ता कायम भएको कञ्चनपुर जिल्ला, पिपलाडी वडा नं. ६ स्थित कि.नं. ९६, ९८ र ४६१ को क्षेत्रफल क्रमशः ३,४८० (व.मि.), ४,३४० (व.मि.) र १,८९० (व.मि.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
३. ऋणी सेक्युर मल्टीपर्पोज कम्पनी प्रा.लि. ले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरु**

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने बराबर धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक/“क” वर्गको बैंकबाट जारी गरिएको बैंक जमानत समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/विजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ । धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन ।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन । साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**पुनश्च :** उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैंले सकार गर्दा साबिकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरवाजुर गर्न पाउनुहुने छैन ।

| बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान : | बोलपत्र खोलिने मिति, समय र स्थान : |
|---|---|
| २०८२/०२/१३ मंगलबार कार्यालय समय सम्म<br>शाखा कार्यालय मिर्चैयाको हकमा सम्बन्धित शाखा<br>शाखा कार्यालय नक्सालको हकमा केन्द्रीय कार्यालय, लाजिम्पाट | २०८२/०२/१४ बुधबार दिनको ३:३० बजे<br>शाखा कार्यालय मिर्चैयाको हकमा सम्बन्धित शाखा<br>शाखा कार्यालय नक्सालको हकमा केन्द्रीय कार्यालय, लाजिम्पाट |

**माछापुच्छ्रे बैंक**
सबल, उत्कृष्ट एवं विस्तारित

Economic National Daily आर्थिक राष्ट्रिय दैनिक


# धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना

प्रकाशित मिति : २०८२/०१/२४ गते

यस माछापुच्छ्रे बैंक लि. विराटनगर शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८०/१२/०१ गतेको आर्थिक राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नु भएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्रीको गोष्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरी लिलाम बिक्री गर्दा समेत धितो सम्पत्ति लिलाम बिक्री नभएकोले पुन: गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक ब्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु १६ (सोह्रौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राइटर तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राइटर तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न समेत विशेष अनुरोध गरिन्छ ।

**तपसिल**

**ऋणीको नाम, ठेगाना**

१. नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, विराटनगरमा दर्ता कायम भएको **जेनियल इन्टरप्राइजेज ।**
प्रा.फ.र.नं. ३७९८५/०७९/८०, दर्ता मिति : २०८०/०१/११, पान नं. ६१९६८६८२८, दर्ता मिति : २०८०/०१/१३
ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. ३, **प्रोप्राईटर : लिला कुमारी बस्नेत**

| **Profit Before Income Tax** | **214,636,947** | **508,126,385** | **126,814,235** | **380,757,099** |
| Income Tax Expense | | | | |
| Current Tax | 64,391,084 | 152,437,915 | 38,044,270 | 114,227,130 |
| Deferred Tax | | | | |
| **Profit for the Period** | **150,245,863** | **355,688,469** | **88,769,964** | **266,529,970** |

### Condensed Statement of Comprehensive Income

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Profit for the Period | 150,245,863 | 355,688,469 | 88,769,964 | 266,529,970 |
| Other Comprehensive Income | - | - | - | - |
| **Total Comprehensive Income** | **150,245,863** | **355,688,469** | **88,769,964** | **266,529,970** |
| Basic Earning per share | - | 23.15 | - | 19.78 |
| Annualized Basic Earing Per Share | - | 30.87 | - | 26.37 |
| Diluted Earning per share | - | 30.87 | - | 26.37 |

### Ratios as per NRB Directives

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Capital Fund to RWA | | 10.38% | | 10.63% |
| Non-Performing Loan (NPL) to Total Loan | | 4.97% | | 4.79% |
| Total Loan Loss Provision to Total NPL | | 155.02% | | 117.90% |
| Cost of Funds | | 8.31% | | 9.66% |
| Credit to Deposit and Borrowing Ratio | | 124.58% | | 125.30% |
| Base Rate | | 12.49% | | 13.68% |
| Interest Rate Spread | | 5.74% | | 3.82% |

### Details about the Distributable Profit for the Quarter

| Particulars | NPR |
|---|---|
| **Net Profit for the period end 3rd Quarter** | **355,688,469** |
| **1. Appropriations** | |
| **1.1 Profit required to be appropriated to:** | **78,251,463** |
| a. General Reserve | 71,137,694 |
| b. Capital Redemption Reserve | - |
| c. Foreign Exchange Fluctuation Fund | - |
| d. Corporate Social Responsibility | 3,556,885 |
| e. Employee Training Fund | - |
| f. Client Protection Fund | 3,556,885 |
| g. Other | - |
| **1.2 Profit required to be transferred to Regulatory Reserve:** | **33,029,997** |
| a. Transfer to Regulatory Reserve | 33,029,997 |
| b. Transfer from Regulatory Reserve | - |
| c. Restructure fund writeback | - |
| **Net Profit for the period end 2nd Quarter available for distribution** | **244,407,009** |
| Opening Retained Earning 1 Shrawan 2081 | 607,650,840 |
| Distribution: | 852,057,850 |
| **Other Adjustment** | **(20,055,175)** |
| Bonus Share Issued | (188,652,646) |
| Cash Dividend | (9,929,087) |
| **Total Distributable Profit or (loss) as on quarter end date** | **633,420,942** |
| Annualised Distributable Profit/loss per Share | 41.23 |

**Notes:**
1. The above Financial Statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and certain carve-outs issued by the Institute of Chartered Accountants of Nepal (ICAN).
2. Loans and Advances are presented net of impairment charges and includes staff loans.
3. Actuarial Valuation has not been done for Employee Benefits.
4. Personnel Expenses also include provision for staff bonus which has been calculated in line with the provision in Bonus Act.
5. Previous period figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison.
6. The interim financial report has been updated in the our website.

**नोटः सुपरिवेक्षण गर्ने निकाय तथा बाह्य लेखापरीक्षकले थप/घट गर्न निर्देशन दिएमा परिष्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ ।**

| Interest Rate | |
|---|---|
| **1. Deposit** | **7.5%-11.25%** |
| **2. Loan & Advance** | **14%-15%** |

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

## आ.व. २०८१/०८२ को तेश्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण :**

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरुः

| प्रति शेयर आम्दानी | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पतिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ३०.८७ | ४२.६३ | २३३.९२ | १९५४.८७ | ८.६१ |

**२. व्यवस्थापकीय विश्लेषण :**

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :** आर्थिक वर्ष २०८१/०८२ को तेश्रो त्रैमासिक अवधिमा वित्तीय संस्थाको मौज्दात र तरलता सामान्य घटेको छ भने आम्दानी गत त्रैमासिक भन्दा बढेको छ। साथै गत आ.व.को सोही अवधिको तुलनामा समेत आम्दानी बढेको छ। यस अवधिमा बाह्य कारणले गर्दा वित्तीय कारोबारमा असर पर्न गई व्यवस्थापकीय योजना अनुरुप नतिजा प्राप्त गर्न सकेको छैन । लघुवित्त क्षेत्रमा देखिएका समस्याहरु हालसम्म पनि समाधान नभएकोले चालु आ.व.२०८१/०८२ को तेश्रो त्रैमासिक अवधिसम्ममा संस्थाको आम्दानीमा योजना अनुसारको सुधार भएको छैन ।

(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :** राष्ट्रियस्तरको यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको शुरुदेखि नै वित्तीय पहुँच अभिबृद्धि गराई गरिवी घटाउने, वित्तीय समावेशीकरण बढाउने, लघुवित्त कार्यक्रमको पहुँच नपुगेका ग्रामीण क्षेत्रमा लघुवित्त सेवा विस्तार गर्ने उद्देश्य अनुरुप देशका ३१ जिल्लामा १६० वटा शाखा कार्यालयहरु मार्फत ३,६३,१७८ विपन्न परिवारमा लघुवित्त सेवा पुऱ्याउन सफल भएको छ

यस वित्तीय संस्थामा आवद्ध परिवारको दिगो विकास एवं सुनिश्चित भविष्यका लागि संस्थाले छरिएर रहेको बचत संकलनमा जोड दिदै आईरहेको छ। सदस्यहरुको दिगोपनालाई ध्यानमा राखि उनीहरुमा स्वरोजगार सिर्जना गर्दै लघुउद्यम तथा उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गरी दिगो व्यवसायिक सफलता हासिल गर्ने तर्फ वित्तीय संस्था अग्रसर रहेको छ। चालु आर्थिक वर्ष २०८१/०८२ मा प्रभावकारी वित्तीय सेवा प्रदान गर्नका लागि प्रविधिको उच्चतम प्रयोगमा सदस्य तथा कर्मचारीको दक्षता एवं कार्यकुशलतामा अभिबृद्धि गर्न, कर्मचारीको उत्पादकत्व बढाउन एवं आन्तरिक नियन्त्रण प्रणालीलाई अझ प्रभावकारी बनाउन प्रयाप्त मात्रामा तालिम तथा गोष्ठि कार्यक्रमहरु संचालन भईरहेका छन्।

वित्तीय संस्थाले प्रदान गर्ने सेवा तथा सुविधाहरुलाई सदस्यको आवश्यकता अनुरुप समय सापेक्ष परिष्कृत गर्दै सदस्यहरुमा उद्यमशीलता तथा व्यवसायिक सिप विकासका साथै डिजिटल वित्तीय साक्षरताको अभियानलाई ब्यापक रुपमा विस्तार गर्दै लैजान व्यवस्थापन प्रतिबद्ध रहेको छ।

(ग) **विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :** हालको परिस्थितिमा बैंक तथा वित्तीय संस्थाहरु विरुद्ध भईरहेको विभिन्न नकारात्मक टिका टिप्पणीले वित्तीय संस्थाहरुको कर्जा असुलीमा भएको समस्या सुधार भईसकेको छैन जसको कारणले वित्तीय संस्थाको नाफामा प्रत्यक्ष प्रभाव पारेको छ। यस असहज परिस्थितीमा पनि ग्राहक सदस्यहरुले वित्तीय संस्था प्रति देखाएको विश्वास र संयमताले वित्तीय संस्था अझ जिम्मेवार भई कार्य गर्नु पर्ने दायित्व बढेको छ। सदस्यहरु एक भन्दा बढी संस्थाहरुबाट कर्जाको कारोवार गर्दा सदस्यहरुमा कर्जाको भार बढ्न गई वित्तीय संस्थाले लगानी गरेको ऋणको गुणस्तरमा असर पर्न सक्ने भए तापनि कर्जा सूचना केन्द्रको प्रभावकारीता बृद्धि हुदै जाँदा जोखिमहरु क्रमशः न्यून हुँदै जाने देखिन्छन्।

**३. कानुनी कारवाही सम्बन्धी विवरण :**

(ख) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी सम्बन्धी मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको।

(ख) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी सम्बन्धी मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण:**

(क) वित्तीय संस्थाको शेयरको कारोवार नेपाल स्टक एक्सचेन्ज मार्फत भईरहेको छ। वित्तीय संस्थाले शेयर मूल्यमा प्रभाव पार्न सक्ने कुनै पनि आधारभूत सूचना प्रचलित ऐन तथा नियमको परिधि भित्र रही प्रवाहित गरिने छ। लगानीकर्ताहरुको यस संस्थाप्रतिको विश्वास उच्च रहेको हुँदा कारोवार मुल्य सकारात्मकता तर्फ उन्मुख रहेको छ।

(ख) नेपाल स्टक एक्सचेन्जको वेभ साइट अनुसार गत त्रैमासिक अवधिमा शेयरको कारोवार निम्नानुसार भएको देखिन्छ।

| अधिकतम मूल्य (रु.) | न्यूनतम मूल्य (रु.) | अन्तिम मूल्य (रु.) | कारोवार भएको कूल दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| १४९६.२० | १३०५ | १३१६ | ५६ | ७६७३ |

**५. समस्या तथा चुनौतीः**

आर्थिक संकटबाट सिर्जित समस्याका कारण समुदायमा आर्थिक क्रियाकलापमा कमी आएको, सदस्यहरुको ब्यवसाय तथा आय आर्जन प्रभावित भई लघुवित्त क्षेत्रमा दिर्घकाल सम्म गहिरो प्रभाव पर्न सक्ने देखिएको छ। लघुवित्त संस्था विरुद्धको अप्राकृतिक अभियान, दोहोरोपनाका कारणले सदस्यहरुलाई ऋणको अधिकभारबाट उत्पन्न हुन सक्ने जोखिम, वित्तीय श्रोतको अनिश्चितता र कर्मचारीहरुको दक्षता अभिबृद्धिमा कमी भई उत्पन्न हुन सक्ने जोखिम एवं नियमनकारी निकायबाट अप्रत्याशित रुपमा हुने नीति तथा निर्देशनमा परिवर्तनका कारणले थप चुनौतीहरुको सामना गर्नुपर्ने अवस्था आउन सक्नेछन्।

**६. संस्थागत सुशासन :**

नियमनकारी निकायसँग सम्बन्धित ऐन, कानुन तथा नीति नियम एवं निर्देशन अनुरुप संस्थागत सुशासन कायम राख्न वित्तीय संस्था कटिवद्ध र प्रतिवद्ध रहदै आएको छ। नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरु तथा कानुनहरुको परिपालनामा विषेश ध्यान दिदैं आफ्ना शेयरधनी, सर्वसाधारण सदस्यहरु लगायत सम्पुर्ण सरोकारवालाहरुको हितको संरक्षण तथा सम्बर्द्धन गर्न वित्तीय संस्था सदैव प्रतिबद्ध रहेको छ। वित्तीय संस्थाको प्रवन्धपत्र नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, संस्थागत सामाजिक उत्तर दायित्व कोष संचालन कार्यविधि,कर्जा अपलेखन विनियमावली, कर्जा नीति तथा बचत परिचालन निर्देशिका, ग्राहक संरक्षण कोष संचालन कार्यविधि, आन्तरिक लेखा परीक्षण कार्यविधि एवं अन्य आवश्यक नीति नियम तथा निर्देशिकाहरु बनाई त्यसको पालना गरिएको छ। वित्तीय संस्थाको कारोबारलाई व्यवस्थित गरी चुस्त, दुरुस्त बनाउन एवं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन सञ्चालक समितिका साथै लेखा परीक्षण समिति, जोखिम ब्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पति शुद्धीकरण अनुगमन समिति लगायत विभिन्न समिति तथा उपसमितिहरु गठन गर्नुका साथै नेपाल राष्ट्र बैंकको निर्देशनहरुको पालना गर्न व्यवस्थापन तथा सञ्चालक समिति क्रियाशील रहेको छ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण :**

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा, म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

**८. नियम २६ को उपनियम (५) सँग सम्बन्धित विशेष घटना वा परिस्थिती सम्बन्धी विवरण** : छैन ।

## २०८१ चैत्र मसान्त सम्म गरिएका बीमा दाबी भुक्तानी सम्बन्धी सूचना

प्रकाशित मिति: २०८२/०१/२४

यस सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेडका बीमितहरुले लिएका बीमालेख अन्तर्गत क्षति भई मिति २०८१ चैत्र मसान्त सम्ममा कम्पनीमा बीमित वा निजका प्रतिनिधि मार्फत दाबी पर्न आइ हालसम्म पनि दाबी भुक्तानी हुन नसकेका ग्राहकहरुले यथाशिघ्र कम्पनीको केन्द्रीय कार्यालय वा आफुलाई पायक पर्ने शाखा कार्यालयमा सम्पर्क गरि दाबी भुक्तानीको लागि आवश्यक कागजात सम्बन्धित सर्भेयर वा कार्यालयमा बुझाई कम्पनीबाट प्रथम पटक प्रकाशित सूचनाको मितिले ३५ दिन भित्र आफनो दाबी फछ्र्यौट गराई दाबी फरफारक गर्नहुन सूचित गरिन्छ । निर्धारित मिति सम्म पनि कम्पनीको सम्पर्कमा नआइ बस्नुहुने ग्राहकहरुको हकमा निजबाट कम्पनीमा पर्न आएको दाबी भुक्तानी सम्बन्धी प्रकृया अगाडि बढाउन कम्पनी असमर्थ हुने यसै सूचनाद्धारा जानकारी गराउदछौं ।

सलिको SALICO
सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड
SAGARMATHA LUMBINI INSURANCE COMPANY LIMITED

Sagarmatha Lumbini Insurance Co. Ltd.
"SURAKSHAN" Bhawan, Bhagawati Marga
P.O.Box.12211, Naxal, Kathmandu, Nepal.
Phone: 01-4512367

# अनधिकृत र कागजी उद्योगलाई सुपारीको कोटा वितरण




*विवादित उद्योगी भवानी बोहोरा र सरौते कटिङको अंशु सुपारीको प्याकेट*

■ **शंकर लुईटेल**
**विराटनगर, वैशाख २३**

सरकारले सुपारी आयातको कोटा अनधिकृत र कागजीरूपमा मात्रै उद्योग भएकालाई वितरण गरेको पाइएको छ । हालै उद्योग विभागको सिफारिसमा वाणिज्य विभागले ११ कागजी उद्योगका नाममा १० हजार टन सुपारीको कोटा वितरण गरेको पाइएको हो ।

व्यवसायीले नाम मात्रको कागजी उद्योग देखाएर त्यही उद्योगका नाममा इन्डोनेसियाबाट सुपारी ल्याई अनधिकृतरूपमा भारत पठाउने प्रपञ्चमा उक्त सुपारीको कोटा लिएको स्रोतको दाबी छ । यसरी कोटा लिनेमा अधिकांशले नक्कली उद्योग देखाएर कोटा हात पारेको रहस्य खुलेको छ । सुपारीको सबैभन्दा बढी कोटा लिनेमा विराटनगर महानगरपालिका-९ मा रहेको मनकामना उद्योग छ । स्रोतका अनुसार वाणिज्य विभागले उक्त उद्योगका नाममा छ हजार दुई सय १० टन सुपारीको कोटा जारी गरेको छ । तर नेपालमा मनकामना नामको कुनै पनि गुट्खा उद्योग नै नभएको दाबी गर्न थालिएको छ । यो उद्योगको सञ्चालकमा विराटनगरका नवीन घिमिरे छन् । घिमिरे झापा जिल्लाका चर्चित र विवादास्पद सुपारी कारोबारी दीपक पोखरेलका सालो हुन् ।

सौर्य एयरका अध्यक्ष समेत रहेका पोखरेल र उनको समूहले सुपारीको खेल खेल्दै आएको छ । यसअघि २०७९ मा कोशी प्रदेश प्रहरी कार्यालयले विराटनगर भन्सारबाट जाँचपास भएर भारतीय भूमिमा पुगिसकेको पाँच ट्रक सुपारी पक्राउ गरेपछि उक्त सुपारी यिनै नवीन घिमिरे सञ्चालक रहेको मनकामना ट्रेडर्सका नामबाट निर्यात भएको थियो । पछिल्लो समय तिनै नवीनले मनकामना उद्योग नामको कम्पनी दर्ता गराएर छ हजार टनभन्दा बढी सुपारी आयात गरेको स्रोतले दाबी गरेको छ ।

अर्का विराटनगरका उद्योगी भवानी बोहराले लामो समयदेखि मधु प्रोडक्ट्स नामको उद्योगबाट 'मधु' ब्रान्डमा गुट्खाकै साइजको मिठा सुपारी उत्पादन गरिरहेका छन् । उनले पनि 'मधु'का लागि हरेक वर्ष एक सयदेखि दुई सय टन सुपारीको कोटा लिने गरेका छन् । तर यसपटक वाणिज्य कार्यालयले मधु प्रोडक्ट्सका नाममा पाँच सय २७ टन सुपारीको कोटा जारी गरेको छ । बोहराले यति धेरै सुपारी तह लगाउन मधु प्रोडक्ट्सको उद्देश्यमा फेरि कारोबार थप गरेर उनले त्यस उद्योगका नामबाट आधा किलो तौलमा काटेको सादा सुपारीको प्याकेट 'अंशु' ब्रान्डमा निकाल्न थालेका छन् । उनीसँग सुपारी काट्ने मेसिन पनि छैन । उनले देखाउनका लागि केही मजदुर राखेर सरौताले सुपारी काटेर त्यही सुपारीलाई विभिन्न तौलमा प्याकिङ गरेर बजार पठाउने गरेको व्यापारीले बताएका छन् ।

सादा सुपारीमा अन्तःशुल्क नलाग्ने हुँदा उद्योगी बोहोराले आयातीत सुपारीमा ठूलै खेल खेल्दै आएको दाबी पनि स्रोतले गरेका छन् । अब उद्योगी बोहोराले सरौताले काटेको भरमा कोटामा पाएको पाँच सय टन सुपारी कसरी कटिङ हुन्छ ? भन्ने मूल प्रश्न अहिले जोडदारसँग व्यवसायीले उठाउन थालेका छन् ।

# चेम्बरले हीरक जयन्ती मनाउने

काठमाडौं, वैशाख २३ । मुलुकको समग्र चेम्बर अभियानको ७५ औं ऐतिहासिक बर्षगाँठको अवसरमा नेपाल चेम्बर अफ कमर्सले वार्षिकरूपमा विभिन्न कार्यक्रम गरी हीरक जयन्ती मनाउने भएको छ ।

हीरक जयन्तीलाई भव्यताका साथ सम्पन्न गर्नका लागि चेम्बरले सल्लाहकार परिषद्का अध्यक्ष एवं पूर्वअध्यक्ष राजेशकाजी श्रेष्ठको सभापतित्वमा हीरक जयन्ती मूल समारोह समिति गठन गरेको छ । साढे ७ दशकदेखि क्रियाशील निजी क्षेत्रको प्रतिनिधिमूलक पहिलो सस्था चेम्बरले मुलुकको समग्र आर्थिक समृद्धि एवं निजी क्षेत्रको व्यावसायिक क्षमता अभिवृद्धिका लागि गरेका विभिन्न गतिविधिलाई हीरक जयन्तीको अवसरमा उजागर गरिनेछ ।


**BINDHYABASINI HYDROPOWER DEVELOPMENT COMPANY LIMITED**
New Baneshwor-10, Kathmandu, Nepal
Web: bindhyabasinihydro.com.np Email: info.bhdc@rmgroup.com.np

**Unaudited Statement of Financial Position**
**As on 31st Chaitra 2081 (13th April, 2025)**

*Amount in NRs.*

| Particulars | Un-audited This Quarter Ending Chaitra 2081 | Un-audited This Quarter Ending Poush 2081 | Un-audited Corresponding Previous Year Quarter Ending Chaitra 2080 |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non-Current Assets** | | | |
| Property, plant and equipment | 10,030,107 | 8,895,484 | 11,228,151 |
| Intangible assets | 2,509,840,584 | 2,515,362,208 | 2,590,583,227 |
| Financial assets | | | |
| Other investments | 265,476,460 | 260,293,623 | 233,741,300 |
| Advance and Deposits | 380,000 | 380,000 | 380,000 |
| Other non-current assets | 9,256,965 | 8,644,814 | 10,381,046 |
| **Total Non-Current Assets** | **2,794,984,116** | **2,793,576,128** | **2,846,313,723** |
| Financial assets | | | |
| Cash and Cash equivalents | 25,431,245 | 51,323,544 | 53,247,104 |
| Advance and Deposits | 19,294,783 | 8,231,122 | 16,811,424 |
| Trade receivables | 37,231,374 | 53,941,493 | 36,733,743 |
| Other current assets | 18,662,858 | 32,652,584 | 18,608,408 |
| **Total current assets** | **100,620,260** | **146,148,743** | **125,400,679** |
| **Total Assets** | **2,895,604,376** | **2,939,724,872** | **2,971,714,402** |
| **Equity** | | | |
| Equity share capital | 1,129,800,000 | 1,050,000,000 | 1,050,000,000 |
| Other equity | 114,670,115 | 211,467,680 | 160,045,463 |
| **Total Equity** | **1,244,470,115** | **1,261,467,680** | **1,210,045,463** |
| **Non-Current Liabilities** | | | |
| Financial liabilities | | | |
| Borrowings | 1,564,589,445 | 1,554,276,494 | 1,679,141,375 |
| Other financial liabilities | 16,034,085 | 19,358,586 | 16,876,568 |
| **Total Non-Current Liabilities** | **1,580,623,530** | **1,573,635,080** | **1,696,017,943** |
| Current Liabilities | | | |
| Financial liabilities | | | |
| Borrowings | 55,763,000 | 99,311,000 | 53,414,000 |
| Trade payables | 5,492,731 | 2,929,506 | 6,578,083 |
| Provisions | 14,135 | 2,038 | 43,754 |
| Other current liabilities | 9,240,865 | 2,379,567 | 5,615,159.00 |
| **Total Current Liabilities** | **70,510,732** | **104,622,112** | **65,650,996** |
| **Total Liabilities** | **1,651,134,262** | **1,678,257,192** | **1,761,668,939** |
| **Total Equity and Liabilities** | **2,895,604,376** | **2,939,724,872** | **2,971,714,402** |

**Unaudited Income Statement**
**For the period 1st Shrawan, 2081 to 31st Chaitra, 2081**

| Particulars | Un-audited This Quarter Ending Chaitra 2081 | Un-audited This Quarter Ending Poush 2081 | Un-audited Corresponding Previous Year Quarter Ending Chaitra 2080 |
|---|---|---|---|
| Revenue | 307,498,187 | 246,444,498 | 306,777,551 |
| Cost of Sales | 7,350,258 | 5,741,700 | 7,292,205 |
| **Gross profit** | **300,147,929** | **240,702,797** | **299,485,346** |
| Other income | 667,086 | 25,727 | 438,637 |
| Administrative and other operating expenses | 41,096,371 | 25,849,206 | 40,193,499 |
| Repair & Maintenance Expenses | 14,266,309 | 12,906,076 | 5,916,690 |
| Depreciation | 2,101,700 | 1,420,127 | 1,773,093 |
| Amortisation | 76,108,081 | 50,915,457 | 76,424,227 |
| **Profit or loss before finance cost and income taxes** | **167,242,554** | **149,637,659** | **175,616,474** |
| Finance Cost | 100,877,716 | 68,604,515 | 104,400,987 |
| **Profit or loss before tax and employee bonus** | **66,364,838** | **81,033,144** | **71,215,487** |
| Employee bonus expenses | - | - | - |
| **Profit or loss after employee bonus** | **66,364,838** | **81,033,144** | **71,215,487** |
| Income tax expenses | 14,135 | 2,038 | 43,754 |
| **Profit or loss for the year** | **66,350,703** | **81,031,106** | **71,171,733** |
| **Other comprehensive Income:** | | | |
| Equity instruments through other comprehensive income | 4,364,718 | 2,481,881 | - |
| **Other comprehensive gain/(loss) for the year, net of tax** | **4,364,718** | **2,481,881** | **-** |
| **Total Comprehensive gain/(loss) for the year, net of tax** | **70,715,422** | **83,512,987** | **71,171,733** |

**Note:**
1. The Unaudited Financial figures are subject to change from external auditors and regulatory authorities.
2. The figures are regrouped and rearranged where necessary.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३, अनुशुची-१४ (नियम २६ को उपनियम १ सँग सम्बन्धित)

**१. बित्तीय विवरण :**

**क) आ. ब. २०८१/८२ को तेस्रो त्रैमासीक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धि विवरण :** यसै साथ प्रकाशित गरिएको छ ।

**ख) प्रमुख बित्तीय अनुपातहरु सम्बन्धि विवरण ।**

| विवरण | प्रति शेयर आम्दानी (रु.) | प्रति शेयर नेटवर्थ (रु.) | प्रति शेयर मुल्य (रु.) | तरलता अनुपात |
|---|---|---|---|---|
| यस त्रैमासको अन्त्य सम्ममा | ५.८७ | ११०.१५ | ५५६.९४ | १.४३ |

**२. व्यवस्थापकीय विश्लेषण :**

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धि विवरण:** यस अवधिमा शुख्खायामको कारण पानीको बहाव घट्न गएको हुँदा Contracted Energy भन्दा थोरै Energy Generation भएको देखिन्छ । साथै आ.व २०८०/८१ को वार्षिक साधारण शभाबाट पारित भएअनुसारको ८ प्रतिशत (कर सहित) बोनश शेयर बाडफाँड गरिएको हुदा शेयरको सङख्या १,०५,००,००० बाट १,१२,९८,००० बढ्न गएर प्रति शेयर आम्दानी र प्रति शेयर नेटवर्थ घट्न गएको देखिन्छ ।

**ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:** कम्पनीले थप जलविद्युत आयोजना छनौट गर्ने तथा निर्माणाधीन आयोजनाहरुमा समेत लगानी गर्दै जाने ।

**ग) बिगतको अनुभव बाट, संगठित संस्थाले वा संस्थाको मौजदात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण: सो नभएको ।**

**३. कानूनी कारवाही सम्बन्धी विवरण :**

**क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए :** सो नभएको ।

**ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी, अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए : सो नभएको ।**

**ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :** सो नभएको ।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

**क) धितोपत्र वजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा**

यस संस्थाको साधारण शेयरको मुल्य वजारमा हुने खुल्ला कारोबारले निर्धारण गर्ने हुँदा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

**ख) त्रैमासिक अवधिको अन्त्य सम्ममा शेयर कारोबार सम्बन्धि विवरण**

| शेयरको अधिकतम मूल्य (रु) | शेयरको न्यूनतम मूल्य (रु) | शेयरको अन्तिम मूल्य (रु) | जम्मा शेयर कारोबार सङ्ख्या |
|---|---|---|---|
| ५६८.०० | ५५५.०० | ५५७ | ४,८७५ |

**५. समस्या तथा चुनौति :**

कम्पनीमा आई पर्ने चुनौति तथा समस्याहरुका सम्वन्धमा संचालक समितिले उचित विश्लेषण तथा छलफल गरी रणनिति वनाई सो को निराकरणको उपायहरु आवलम्वन गर्ने उपायहरु अपनाउँदै आएको छ ।

**६. संस्थागत सुशासन :**

कम्पनीको आर्थिक कारोवारलाई व्यवस्थित गर्न कम्पनीको आर्थिक तथा कर्मचारी विनियमावली २०७५ बमोजिम कार्य सम्पादन गर्दै आएको छ। साथै आर्थिक कारोवारलाई व्यवस्थित र पारदर्शी बनाउन आन्तरिक र बाह्य लेखा परिक्षण कार्यलाई नियमित गरिएको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :**

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।



**सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको**
**ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना**

**प्रकाशित मितिः २०८२/०१/२४**

यस बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

**तपसिल**

**शाखा कार्यालय : भोजपुर**

**१. ऋणीको नाम र ठेगाना**

श्री राज बहादुर तमाङ/श्रीमती लक्ष्मी माया तामाङ को नाति श्री लाख बहादुर तमाङ/श्रीमाती धन माया तामाङको छोरा, श्रीमती एलिना राईको पती, भोजपुर जिल्ला, रामप्रसाद राई गा.पा.वडा नं. ५ स्थाई ठेगाना भई हाल ऐ ऐ जिल्ला ऐ ऐ गा.पा. वडा नं. ५ बस्ने ३१ (ना.प्र.नं.०९१०४४-१८७, जारी मिति वि.सं.२०६६/०७/०६, पहिलो प्रतिलिपी वि.सं.२०७४/०२/२६, जि.प्र.का. भोजपुर) श्री **हरिन्द्र तमाङ** ।

**जमानीकर्ताको नाम र ठेगाना**

श्री लाख बहादुर तमाङ/श्रीमती धन माया तामाङको बुहारी, श्री पँच बहादुर राई/श्रीमाती फुलमाया राईको छोरी, हरिन्द्र तमाङको पत्नी, भोजपुर जिल्ला, बैकुण्ठे गा.वि.स. वडा नं. ७ स्थाई ठेगाना भई हाल ऐ ऐ जिल्ला रामप्रसाद राई गा.पा वडा नं. ५ बस्ने ३२ (ना.प्र.नं.०९१०४७/११९, जारी मिति वि.सं.२०६७/१२/२२, जि.प्र.का. भोजपुर ) श्रीमती **एलिना राई**।

**२. ऋणीको नाम र ठेगाना**

श्री बिष्णुलाल उदाश/श्रीमती मैंया देवी तुलाधरको बुहारी, श्री गुणराज श्रेष्ठ/श्रीमती नैना कुमारी श्रेष्ठ को छोरी,श्री योगेश कुमार उदाशं को पत्नी, भोजपुर जिल्ला, बोखिम गा.पा.वडा नं. ४.स्थाई ठेगाना भई हाल भोजपुर जिल्ला भोजपुर न.पा. वडा नं. १२ बस्ने ३२ (ना.प्र.नं.०९१०२५/६०, जारी मिति वि.सं.२०६७/०१/०७, जि.प्र.का. भोजपुर) श्रीमती **गिता श्रेष्ठ** ।

**जमानीकर्ताको नाम र ठेगाना**

श्री हर्कलाल उदाश/श्रीमती जिबी ठकू को नाति श्री बिष्णुलाल उदाश/श्रीमती मैंया देवी तुलाधर को छोरा, श्रीमती गिता श्रेष्ठ को पति, भोजपुर जिल्ला, टक्सार गा.वि.स. वडा नं. २ स्थाई ठेगाना भई हाल भोजपुर जिल्ला भोजपुर न.पा वडा नं. १२ बस्ने ४१ (ना.प्र.नं.४०४७५/७०५, जारी मिति वि.सं.२०५९/१/२७, जि.प्र.का. भोजपुर) श्री **योगेश कुमार उदाश** ।

**शाखा कार्यालय : धनगढी**

**३. ऋणीको नाम र ठेगाना**

**ऋणीको नाम : जि एस वि सप्लायर्स**
रजिष्टर्ड ठेगाना : धनगढी उप(महानगरपालिका वडा नं. ७, कैलाली
रजिष्ट्रेशन नं. : २५५७९/०७५/७६ (नेपाल सरकार वाणिज्य मन्त्रालय वाणिज्य आपूर्ती तथा उपभोक्ता संरक्षण विभाग वाणिज्य, आपूर्ती तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी, कैलाली)
स्थायी लेखा नं. : ६०८०१८६०७

**प्रोप्राईटरको नाम र ठेगाना**

कालीराम चौधरी (ड.थारु) को बुहारी, टिकाराम चौधरी को पत्नी कैलाली जिल्ला घोडाघोडी न.पा. वडा नं. १० स्थाई ठेगाना भई हाल कैलाली जिल्ला धनगढी उ.म.न.पा./न.पा. वडा नं. १३ बस्ने **लक्ष्मी देवी चौधरी** (ना.प्र.नं. ६७३०२८/२०७७, जारी मिति २०६३/१०/२५, दोस्रो प्रतिलिपि मिति वि.सं. २०७५/०२/२२ जि.प्र.का. कैलाली)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. कन्है ड.थारु की नाती, कालीराम चौधरी (ड.थारु) को छोरा, लक्ष्मी देवी चौधरी को पति कैलाली जिल्ला पहलमानपुर गा.बि.स. वडा नं. ०२ स्थाई ठेगाना भई हाल कैलाली जिल्ला धनगढी उ.म.न.पा./न.पा. वडा नं. १३ बस्ने **टिकाराम चौधरी** (ना.प्र.नं. ६७३०२८/३४४ जारी मिति २०६३/१०/०८, जि.प्र.का. कैलाली)
२. चैतु ड.थारु की नाती, कन्है ड.थारु को छोरा, द्रोपति देवि चौधरी को पति कैलाली जिल्ला हसुलिया न.पा. वडा नं. ०४ स्थाई ठेगाना भई हाल कैलाली जिल्ला धनगढी उ.म.न.पा./न.पा. वडा नं. १३ बस्ने **कलिराम चौधरी ड थारु** (ना.प्र.नं. २३९९ जारी मिति २०४४/०६/२३ श्री जि.प्र.का. कैलाली)
३. कन्है ड.थारु .को बुहारी, कलिराम चौधरी ड थारु को पत्नी कैलाली जिल्ला हसुलिया गा.बि.स. वडा नं. ०४ स्थाई ठेगाना भई हाल कैलाली जिल्ला धनगढी उ.म.न.पा./न.पा. वडा नं. १३ बस्ने **द्रोपति देवि चौधरी** (ना.प्र.नं. ८।२७३८/४९७, जारी मिति २०४६/०३/१५, जि.प्र.का. कैलाली)

**४. ऋणीहरुको नाम र ठेगाना**

१. पद्म प्रसाद पाण्डेय को नाती, पुस्कर राज पाण्डेय को छोरा कैलाली जिल्ला धनगढी न.पा. वडा नं. ०२ स्थाई ठेगाना भई हाल कैलाली जिल्ला धनगढी उ.म.न.पा./न.पा. वडा नं. ०२ बस्ने ओम प्रकास पाण्डेय (ना.प्र.नं. ६७-०१-७०-०४४२७ जारी मिति २०७०/०५/०९ जि.प्र.का. कैलाली)
२. लालमणी पाण्डेय को नाती, पद्म प्रसाद पाण्डेय को छोरा कैलाली जिल्ला धनगढी न.पा. वडा नं. ०२ स्थाई ठेगाना भई हाल कैलाली जिल्ला धनगढी उ.म.न.पा./न.पा. वडा नं. ०२ बस्ने **पुस्कर राज पाण्डेय** (ना.प्र.नं. ९९७/१३९ (डडेल्धुरा) जारी मिति २०४४/१०/२६ जि.प्र.का. कैलाली, प्रथम प्रतिलिपि मिति वि.सं. २०७३/०७/२९ जि.प्र.का. कैलाली )

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. पद्म प्रसाद पाण्डेय को नाती, पुस्कर राज पाण्डेय को छोरा कैलाली जिल्ला धनगढी न.पा. वडा नं. ०२ स्थाई ठेगाना भई हाल कैलाली जिल्ला धनगढी उ.म.न.पा./न.पा. वडा नं. ०२ बस्ने **नविन पाण्डेय** (ना.प्र.नं. ६७-०१-७३-०७२०० जारी मिति २०७३/०७/२४ जि.प्र.का. कैलाली, प्रथम प्रतिलिपि मिति वि.सं. २०७३/१०/०३ जि.प्र.का. कैलाली )
२. पद्म प्रसाद पाण्डेय को नाती, पुस्कर राज पाण्डेय को छोरा कैलाली जिल्ला धनगढी न.पा. वडा नं. ०२ स्थाई ठेगाना भई हाल कैलाली जिल्ला धनगढी उ.म.न.पा./न.पा. वडा नं. ०२ बस्ने **योगेन्द्र कुमार पाण्डेय** (ना.प्र.नं. ६७१०२०/११३६६ जारी मिति २०६६/०७/०४ जि.प्र.का. कैलाली)
३. पद्म प्रसाद पाण्डेय को बुहारी, पुस्कर राज पाण्डेय को पत्नी डडेल्धुरा जिल्ला भद्रपुर गा.बि.स. वडा नं. ०७ स्थाई ठेगाना भई हाल कैलाली जिल्ला धनगढी उ.म.न.पा./न.पा. वडा नं. ०२ बस्ने **लक्ष्मी देवि पाण्डेय** (ना.प्र.नं. ६२९, जारी मिति २०४६/०१/३०, जि.प्र.का. डडेल्धुरा)

**५. ऋणीको नाम र ठेगाना**

तेज बहादुर बम को नाती, पदम बहादुर बम को छोरा कैलाली जिल्ला उदासीपुर गा.बि.स.. वडा नं. ०२ स्थाई ठेगाना भई हाल कैलाली जिल्ला धनगढी उ.म.न.पा./न.पा. वडा नं. ०३ बस्ने **आशिष बम** (ना.प्र.नं. ४२८७० जारी मिति २०५७/१२/२१ जि.प्र.का. कैलाली)

**जमानीकर्ताको नाम र ठेगाना**

पदम बहादुर बम को बुहारी, आशिष बम को पत्नी लमजुङ जिल्ला खुदी गा.बि.स. वडा नं. ०१ स्थाई ठेगाना भई हाल कैलाली जिल्ला धनगढी उ.म.न.पा./न.पा. वडा नं. ०३ बस्ने **नमिता पोखेल** (ना.प्र.नं. ६२०१९, जारी मिति २०६३/०९/२०, जि.प्र.का. लमजुङ)

Citizens Bank
**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR 2024 NEPAL



## Birtamode Municipality
## Office of The Municipal Executive
**Birtamode, Jhapa**
**Koshi Province, Nepal**

**Invitation for e-Bids**

**Date of Publication: 24th Baisakh 2082 (07th May 2025)**

Birtamode Municipality invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding (NCB) procedures. Eligible Bidders may obtain further information from PPMO website www.bolpatra.gov.np/egp

| S.N. | Contract ID. | Name of Project | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Bidding Procedure | Last date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | BTMMUN/GOODS/NCB-24/081/82 | Procurement, Supply & Delivery of Assistive Devices at Birtamode Municipality, Jhapa | 3000.00 | 65,000.00 | Minimum 30 Days beyond the Bid validity Period | Single Stage Single Envelope Bidding Procedure (e-Bid only) | 2082/02/23 (06th June 2025) 12:00 PM | 2082/02/23 (06th June 2025) 01:00 PM |

**Chief Administrative Officer**

# खानेपानी मन्त्रालय र कर्णाली प्रदेश जलस्रोत मन्त्रालयबीच सम्झौता

काठमाडौं, वैशाख २३ । संघीय सरकारको खानेपानी मन्त्रालय र कर्णाली प्रदेश सरकारअन्तर्गतको जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयबीच खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजनाअन्तर्गत लागत सहभागितामा सम्झौता भएको छ ।

खानेपानी मन्त्रालय सिंहरबारमा मंगलबार खानेपानीमन्त्री प्रदीप यादवको उपस्थितिमा मन्त्रालयका सहसचिव रमाकान्त दुवाडी र कर्णाली प्रदेश सरकार, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयका तर्फबाट प्रदेश सचिव इन्द्रदेव भट्टले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् । खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना सञ्चालन गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय विकास संस्था (आईडीए) र नेपाल सरकारबीच १३ जुलाई २०२२ मा वित्तीय सम्झौता भएको थियो । यो आयोजनाको अवधि जुलाई १५, २०२८ सम्म रहेको छ । आयोजना कार्यान्वयनमा लगानी सहभागिता जनाउन तथा आयोजना कार्यान्वयनको अनुगमन गर्न नेपाल सरकार, खानेपानी मन्त्रालय र कर्णाली प्रदेश सरकार, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयबीच यो 'सहभागिता सम्झौता' गरिएको मन्त्रालयका सहसचिव रमाकान्त दुवाडीले बताए ।

यस आयोजनामा क्षेत्रगत सुशासन, संस्थागत क्षमता र आयोजना व्यवस्थापनको सुदृढीकरण, जलवायु अनुकुल, सुधारिएको र सुरक्षित खानेपानी र सरसफाइमा पहुँच अभिवृद्धि, एकीकृत जलस्रोत व्यवस्थापन र जलाधार व्यवस्थापनका माध्यमबाट खानेपानी र सरसफाइ पूर्वाधारमा जलवायु जोखिम तथा त्यसबाट पर्न सक्ने प्रभावको न्यूनीकरणलगायत भईपरी आउने आपतकालीन अवस्थाको सम्बोधन रहेका छन् । नेपाल सरकारको तर्फबाट खानेपानी मन्त्रालयले आयोजनाको समग्र व्यवस्थापन सुनिश्चित गर्न खानेपानी तथा ढल व्यवस्थापन विभागलाई खानेपानी तथा सरसफाइ क्षेत्रको संस्थागत सुधारका कार्यक्रम, पालिकास्तरमा रहने आयोजना कार्यान्वयन इकाईमार्फत आयोजनाका गतिविधिहरु निरीक्षण र कार्यान्वयनमा सहयोग गर्नेछ ।

यस्तै, वीरेन्द्रनगर नगरपालिका क्षेत्रभित्र एकीकृत जलस्रोत व्यवस्थापन र जलाधार व्यवस्थापनका माध्यमबाट खानेपानी र सरसफाइ पूर्वाधारमा जलवायु जोखिम तथा त्यसबाट पर्न सक्ने प्रभावहरूको न्यूनीकरणसम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने सम्झौतामा उल्लेख गरिएको छ । आयोजना कार्यान्वयनका लागि कुल एक सय मिलियन अमेरिकी डलर (तदनुसार १३ अर्ब ३८ करोड ७० लाख रूपैयाँ) चाहिने जनाइएको छ । यसमध्ये आईडीएबाट नेपाल सरकारलाई प्राप्त हुने ऋण ८० मिलियन अमेरिकी डलरको लागि चाहिने समपूरक कोषको व्यवस्था गर्न आवश्यक पर्ने २० मिलियन अमेरिकी डलरको लागत सहभागिता नेपाल सरकारले संघीय सरकारका तर्फबाट तीन दशमबल ७० मिलियन अमेरिकी डलर, प्रदेश सरकारहरु (कर्णाली प्रदेश र सुदूरपश्चिम) का तर्फबाट १० दशमलब ५७ मिलियन अमेरिकी डलर र सरोकारवाला छ वटा पालिकाहरूका तर्फबाट पाँच दशमलव ७० मिलियन अमेरिकी डलर तय गरेको जनाइएको छ ।

हस्ताक्षर कार्यक्रममा खानेपानीमन्त्री प्रदीप यादवले कर्णाली प्रदेशमा खानेपानीका क्षेत्रमा पर्याप्त मात्रामा बजेट विनियोजन गरी त्यहाँको खानेपानीको समस्या अन्त गरिने बताए । यस सम्झौतामार्फत संघीय र प्रदेश सरकारबीच आपसी समन्वय, पारदर्शिता, उत्तरदायित्व र सेवा प्रवाहमा प्रभावकारिता सुनिश्चित गरेको भन्दै उनले कर्णाली प्रदेशभित्र खानेपानी क्षेत्रको सुशासन प्रवर्द्धन तथा पूर्वाधार विकासका लागि लागत साझेदारीमा आधारित कार्यक्रमहरु सञ्चालन गर्ने साझा प्रतिबद्धता समेत जनाए । यसैगरी कर्णाली प्रदेश सरकारका जलस्रोत तथा ऊर्जा विकासमन्त्री विजया बुढाले सम्झौता सम्पन्न भएको यस आयोजनाले कर्णाली प्रदेशको खानेपानीको क्षेत्रमा निकै सफलता हासिल गर्ने बताए ।

## तातोपानी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
लिताकोट, जुम्ला

कर्णाली प्रदेश

**बोलपत्र स्वीकृत गर्ने आसयको सूचना**

**सूचना प्रकाशित मिति : २०८२।०१।२४**

यस तातोपानी गउँपालिका अन्तर्गत तपसिल बमोजिमको निर्माण कार्य गर्नको लागि प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार विद्युतीय माध्यमबाट पर्न आएको तपसिल अनुसारको बोलपत्र न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही ठहर भई स्विकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धीत सबैको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | घटी कबोल गर्ने बोलपत्रदाता | बोलपत्रमा घटी कबोल अंङ्क रु. (PS र भ्याट सहित) |
|---|---|---|---|---|
| १ | TRM/Jumla/W/NCB/ 2081-82-01 | Tamti Swasthya Chauki Nirman | Deuti Babiro Nirman Sewa And Order Suppliers, Chhandannath- 09, Jumla | 48,98,594.95 |
| २ | TRM/Jumla/W/NCB/ 2081-82-02 | Gididaha Paryatan Padmarga Nirman Tatopani Ga Pa 4 Jumla | Ashog Nirman Sewa, Chandannath 1, Jumla | 53,23,800.40 |

प्रमुख प्रशासकिय अधिकृत

## Changunaryan Municipality
### Office of the Municipality Executive
Kharipati, Bhaktapur

Bagmati, Nepal

**Invitation for Bids**

**Date of publication: 2082/01/24**

1. Changunarayan Municipality, office of the Municipal Executive, Kharipati, and Bhaktapur invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding procedures. Bidding is open to all eligible Nepalese Bidders.
2. Bidder may e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of Office: Changunarayan Municipality, Kharipati, Bhaktapur
   Name of the Bank: Prabhu Bank Ltd. Bhaktapur Branch
   Rajaswa (revenue) Shirshak no. ग — 1.1: 0220150321500018
3. Information to Deposit the Bid Security Amount in Bank:
   Name of Office: Changunarayan Municipality, Kharipati, Bhaktapur
   Name of the Bank: Prabhu Bank Ltd. Bhaktapur Branch
   Dharauti (Deposite) Account no. ग — 3.0: 0220150321500115
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. Bidders can bid as a single contractor or in the form of joint venture of maximum of three contracting firms.
6. Bidders are advised to visit the site and assess the actual site condition before submitting the bids at their own cost.

| S. N | Contract No | Description of work | Estimate Amount (without VAT & P.S) | Bid Security Amount | Bid Validity period (days) | Payment of Non Refundable Amount | Bid submission date, time and place | Bid opening date, time and place |
|---|---|---|---|---|---|---|---|---|
| 1 | CM/WORKS/ 18/081/82/01 | changunarayan nagar hospital ma purbadhar nirman | 52,13,339.3 | 1,50,000.0 | 90 days / 120 days from last date of bid submission | 3000.00 | before 12.00 hour on 2082/02/23 at the office of Changunarayan Municipality, Kharipati. | after 13.00 hour on 2082/02/23 at the office of Changunarayan Municipality, Kharipati. |
| 2 | CM/WORKS/ 18/081/82/02 | khelkud maidhan nirman ward no 4 | 17543289.95 | 4,99,000.0 | 90 days / 120 days from last date of bid submission | 3000.00 | before 12.00 hour on 2082/02/23 at the office of Changunarayan Municipality, Kharipati. | after 13.00 hour on 2082/02/23 at the office of Changunarayan Municipality, Kharipati. |
| 3 | CM/WORKS/ 18/081/82/03 | Ward karyala bata syauli bazzer jane sadak changunarayan 6 | 77,86,647.78 | 2,25,000.0 | 90 days / 120 days from last date of bid submission | 3000.00 | before 12.00 hour on 2082/02/23 at the office of Changunarayan Municipality, Kharipati. | after 13.00 hour on 2082/02/23 at the office of Changunarayan Municipality, Kharipati. |
| 4 | CM/GOODS/ NCB/SAN/ 01/081/82 | Supply and Delivery of Sanitary Pad for Changunarayan Municipality | - | 40,000.00 | 90 days / 120 days from last date of bid submission | 3000.00 | before 12.00 hour on 2082/02/23 at the office of Changunarayan Municipality, Kharipati. | after 13.00 hour on 2082/02/23 at the office of Changunarayan Municipality, Kharipati. |

**Chief Administrative officer**

# राजस्व संकलन कमजोर भएपछि प्रदेश र स्थानीय तहको अनुदान कटौती

आर्थिक संवाददाता

काठमाडौं, वैशाख २३

चालु आर्थिक वर्ष २०८१/८२ को तेस्रो त्रैमासिक अवधिसम्ममा राजस्व संकलन वार्षिक लक्ष्यको तुलनामा निकै कमजोर देखिएपछि संघ सरकारले प्रदेश र स्थानीय तहमा जाने वित्तीय समानीकरण शीर्षकको अनुदान कटौती गरेको छ । यसअघि संघ सरकारले यो शीर्षकमा प्रदेश र स्थानीय तहमा जाने तेस्रो किस्तावापतको अनुदान पनि कटौती गरेको थियो ।

अर्थ मन्त्रालयले यही वैशाख १६ गते महालेखा नियन्त्रक कार्यालयलाई पत्र लेख्दै चौथो किस्ताबापतको वित्तीय समानीकरण अनुदान कटौती गर्न भनेको हो । अर्थ मन्त्रालयको सो निर्देशनपछि महालेखा नियन्त्रक कार्यालयले गत आइतबार देशभरका कोष तथा लेखा नियन्त्रक कार्यालयलाई परिपत्र गर्दै वित्तीय समानीकरण अनुदानको अन्तिम किस्ताबापतको २० दशमलव ६८ प्रतिशत हिस्सा मात्रै पठाउन भनेको हो । 'आर्थिक वर्ष २०८१/८२ को चैत मसान्तसम्म वार्षिक लक्ष्यको तुलनामा ८२ दशमलव ७२ प्रतिशत मात्र राजस्व संकलन भएको र सोही अनुपातमा वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्न अर्थ मन्त्रालयबाट लेखिआएको छ', महालेखा नियन्त्रक कार्यालयको परिपत्रमा भनिएको छ ।

यसरी लक्ष्यअनुसार राजस्व उठ्न नसकेका कारण प्रदेश तथा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान शीर्षकमा चौथो त्रैमासिक किस्ताबापत विनियोजित रकमको २० दशमलव २८ प्रतिशतले हुन आउने रकम मात्रै हस्तान्तरण गर्न भनिएको हो । महालेखा नियन्त्रक कार्यालयको परिपत्रलाई आधार मान्ने हो भने यस वर्ष प्रदेश तथा स्थानीय तहहरूले कूल स्वीकृत वार्षिक बजेटमध्ये चौथो किस्तासम्मको ९१ दशमलव ७६ प्रतिशत बराबर मात्रै बजेट पाउनेछन् । यसअघि अर्थ मन्त्रालयले प्रदेश तथा स्थानीय तहमा जाने वित्तीय समानीकरण अनुदानको तेस्रो किस्ताबापतको रकममा पनि कटौती गरेको थियो । गत माघ २९ गते महालेखा नियन्त्रक कार्यालयले सबै कोष तथा लेखानियन्त्रक कार्यालयलाई पत्र पठाउँदै तेस्रो किस्ताबापतको वित्तीय समानीकरण अनुदानमा २५ प्रतिशतमध्ये १३ दशमलव २४ प्रतिशत अर्थात् वार्षिक बजेटको ६३ दशमलव २४ प्रतिशत नबढ्ने गरी बजेट निकासा गर्न भनेको थियो ।

प्रदेश तथा स्थानीय तहको चर्को विरोधपछि महालेखा नियन्त्रक कार्यालयले त्यसलाई संशोधन गरेर गत फागुन १३ गते अर्को परिपत्र गर्दै वित्तीय समानीकरण अनुदानको तेस्रो किस्ताबापतको भुक्तानी हुने रकम केही बढाएको थियो । यसअनुसार तेस्रो किस्ताबापतको २५ प्रतिशतमध्ये २१ दशमलव ०८ प्रतिशत अर्थात् कुल स्वीकृत वार्षिक बजेटमध्ये तेस्रो किस्तासम्मको ७१ दशमलव ०८ प्रतिशत नबढ्ने गरी वित्तीय समानीकरण अनुदान उपलब्ध गराउन भनेको थियो । वित्तीय समानीकरण अनुदान कटौतीबाट स्थानीय तहहरूलाई स्रोत व्यवस्थापनमा ठूलो चुनौती सिर्जना हुने नेपाल नगरपालिका संघका उपाध्यक्ष कृष्णप्रसाद सापकोटाले बताए । गत वर्ष पनि सरकारले अनुदान कटौती गर्ने निर्णय पछि गाउँपालिका राष्ट्रिय महासंघ, नगरपालिका संघलगायतले विरोध जनाएको स्मरण गर्दै उपाध्यक्ष सापकोटाले अनुदान कटौती हुन कार्यान्वयन चरणमा गएका कामको भुक्तानीमा गम्भीर समस्या देखिने बताए ।

'अधिकांश स्थानीय तहको आन्तरिक स्रोत कमजोर छ । संघ सरकारले पहिले बजेट पठाउने तर पछि कटौती गर्ने निर्णय गर्दा झन् ठूलो समस्या सिर्जना भएको छ । अनुदान कटौती हुने हो भने काम भइरहेका योजनामा भुक्तानी गर्न सकिँदैन', उनले भने । वित्तीय समानीकरण अनुदान कटौतीपछि कसरी अघि बढ्ने भनेर नगरपालिका संघभित्र आपसी छलफल भइरहेको पनि उनको भनाइ छ ।

आर्थिक दैनिक प्रा.लि.द्वारा प्रकाशित । अध्यक्ष : प्रह्लाद रिजाल । एक्सप्रेस कलर प्रेस कं.बाट मुद्रित । कार्यालय : कुपण्डोल, ललितपुर । फोन : ०१-५९०२१३६, फ्याक्स : ०१-५९०२१३९ e-mail : aarthik .dainik@gmail .com । सम्पादक : रामप्रसाद पुडासैनी